का.जि.प्र.का.द.नं. १००/०५९/६०
❒ वर्ष १७, अंक २९२
❒ २६ पुस २०७६, शनिबार
❒ 11 January 2020, Saturday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

## हाडनाता भित्रै बढ्दो बलात्कार

केशर धामी/मध्यान्ह
काठमाडौं, २५ पुस

घटना १:- खै त्यसलाई बाउ (बुबा) भनु कि श्रीमान ? सानो त बाउ नै भन्थें। तर, आजभोलि यसले मलाई आफ्नै श्रीमती बनाएर राखेको छ। भर्खरै १७ वर्षमा प्रवेश गरेकी किशोरी मनको आक्रोशित भएर पीडा पोख्दै थिइन्। आफ्नै बाबुबाट पटक-पटक बलात्कृत हुँदै आएकी किशोरीको यो मनको भाव सुनेर उजुरी लिने प्रहरी समेत स्तब्द बने। २०७४ को पुसमा आफ्नै बाबुबाट बलात्कृत युवतीले प्रहरीमा उजुरी दिइएकी थिइन्।

आमा पोईल गएपछि उनी आफ्नै बाबुकी श्रीमती बन्न बाध्य भइन्। घरमा कान्छी श्रीमती ल्याएका बाबुबाट उनी पटक-पटक बलात्कृत भइन्। अन्ततः कान्छी आमाको सहयोगमा उनले बाबुको कर्तुत प्रहरी सामू ल्याएकी थिइन। उजुरीको आधारमा प्रहरीले उनका ३७ वर्षीय बाबुलाई पक्राउ गरेर कारवाही गरेको थियो।

घटना २:- ताप्लेजुङको आठराई गाउँपालिका ३ की एक ५० वर्षीया महिला आफ्नै नातीबाट बलात्कृत भइन्। मानसिक सन्तुलन ठिक नभएकी ५० वर्षीया हजुरआमा १७ बर्षका आफ्नै नातिबाट बलात्कृत भएकी थिइन्। २०७५ साउन १९ गते दिउँसो १२ बजेको समयमा जबरजस्ती गरेका थिए।



घटना ३:- आफ्नै बुहारी बलात्कार गरेको आरोपमा पर्साको निर्मलवस्ती गाविसका ५० वर्षीय पदमबहादुर स्याङ्तान पक्राउ परे। जेठा छोरा रोजगारीका सिलसिलामा मलेशियामा रहेका बेला २४ वर्षीया बुहारीलाई पटकपटक यौन दुर्व्यवहार गरेको आरोपमा उनलाई प्रहरीले पक्राउ गरेको थियो।

माथि उल्लेखित घटना त प्रतिनिधि पात्र हुन्। तर, आजभोलि तपाई हामीले सुन्दै आएको बलात्कारजन्य घटनामा आफन्त तथा नजिकको सम्बन्धका मानिसको संलग्नता देखिएको छ। मुलुकका विभिन्न ठाउँमा भएका बलात्कारका घटना भयावह छन्। जसका विरोध र अनुसन्धानका पाटामा सुरक्षा संयन्त्रसहित सरकारलाई चुनौतिका आवाज उठ्न थालेका छन्।

बलात्कार आफैंमा अपराधको चरम रूप हो। पात्र र प्रवित्ति अनि सम्बन्धका आधार फरक-फरक छन्। बलात्कारको एउटा सूक्ष्म पाटो हो- हाडनाता करणी। बाबुद्वारा छोरी, दाजुद्वारा बहिनी, ससुराद्वारा बुहारी बलात्कार भन्ने शीर्षकमा समाचार दिनदिनै आउने गरेका छन्।

अर्कातिर हाडनाता सम्बन्ध पनि हुन्छ। जसरी बलात्कारका सवाल आउँछन् त्यसरी नै तिनै सम्बन्धबीच मिलोमतो र राजीखुसीका सम्बन्धका विषयका उजुरी प्रहरीसम्म कम छैनन्।

नेपालमा पछिल्लो समय दैनिक ४ बलात्कारजन्य घटना भईरहेको प्रहरीको तथ्यांकले देखाइरहेको छ। गत वर्ष मात्रै नेपालमा एक हजार चार सय भन्दा बढी बलात्कारका उजुरी प्रहरीमा परेका थिए। प्रहरीमा उजुरी नपर्ने वा घटना लुकाईने गरेका बलात्कार त कति हुन्छन् ? यसको अनुसन्धान तथा खोजबिन अहिलेसम्म भएको छैन्।

बलात्कार वा हाडनातामा सम्बन्ध राख्ने हरेक पात्र मानसिक रोगी नै समाजशास्त्री बताउँछन्। विश्लेषक डा. सुरेन्द्र केसीका अनुसार रगतको सम्बन्ध रहेकाहरूसँग यस्तो सम्बन्ध कायम राख्ने मानसिक रोगी हुन्। कानुनले पनि हाडनाता करणीलाई अपराध मानेको छ।

मनोविद् गोपाल ढकाल आफन्तमाथि नै यस्तो दुर्व्यवहार गर्नेको मानसिक सन्तुलन ठिक नभएको बताउँछन्। कानूनले समेत बर्जित गरेको तथा अपराध मानेको विषयमा यस्तो कार्य गर्नुलाई मानसिक रोग भएको उनको भनाइ छ।

मुलुकी फौजदारी संहिता २०७४ ले जन्माउने आमा छोराको वा बाबु छोरीको करणी भएमा जन्मकैद, सौतेनी आमा छोरा वा बाबु छोरी, सहोदर दिदी भाइ वा दाजु बहिनी, एकै हाँगाको ससुरा बुहारी, एकै हाँगाको बाजे नातिनी वा पनातिनी, एकै हाँगाका जेठाजु र भाइ बुहारी वा देवर भाउजूको करणी भएमा चारदेखि दश वर्षसम्म कैद र ४० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ।

एकै हाँगाको तीन पुस्ताभित्रको करणी भएमा तीन वर्षदेखि छ वर्षसम्म कैद र ६० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था कानुनले गरेको छ। वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हाँगो, नाता र पुस्ता हेरी तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था वर्तमान कानूनले गरेको छ।

## अभियन्ताको हत्या



मध्यान्ह संवाददाता
जनकपुरधाम, २५ पुस

अवैध रुपमा गिट्टीबालुवाको उत्खनन गरी प्राकृतिक प्रकोप निमत्याउने कार्य भइरहेको भन्दै विरोध जनाउने सामाजिक अभियन्ताको हत्या भएको छ। धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नम्बर ५ स्थित श्रीपुर बस्ने २४ वर्षीय अभियन्ता ओमप्रकाश महतो उर्फ दिलिपकुमार महतोको हत्या भएको परिवारजनले जनाएको छ।

मृतकका बुवा रामजीवन महतोका अनुसार तीन दिन अघि नै चुरियामाई क्रसर उद्योगका सञ्चालक बिपिन महतोले हत्या गर्ने धम्की दिएका थिए। शुक्रबार विहान मर्निङवाकमा साथी रोशनसँग निस्केका ओमप्रकाशको कुटपिट गरी हत्या भएको मृतकका बुबा रामजीवनको दाबी छ। उनका अनुसार कुटपिटबाट मृत्यु भएपछि ओमप्रकाशलाई टिपरले किचिएको थियो।

मृतकका बुवा रामजीवन भन्छन्, '५ कट्ठा जग्गा क्रसर उद्योगी बिपिन महतोलाई भाडामा दिएका छौं। जहाँ चुरियामाई क्रसर उद्योग सञ्चालनमा छ। उक्त उद्योगको विरोध मेरै छोरा ओमप्रकाशले गर्दै आएका थिए। केही दिन पहिले विवाद पनि भएको थियो।'

'विवाद भइरहँदा म भाडाको रकम लिन र उद्योग बन्द गर्न तीन दिन अघि मात्र विपिनकहाँ पुगेको थिएँ,' मृतकका बुबा रामजीवनले भने, 'बिपिनले २५ हजार दिने आजकै भाका थियो। त्यो दिनको भेटमा बिपिनले 'आफ्नो छोरालाई सम्झाइहाल, कतिखेर (ज्यान) जान्छ थाहा छैन' भनेर मलाई धम्की दिएका थिए।'

ओमप्रकाशका दाजु वीरेन्द्रकुमार महतोले औरही खोलामा दिलिपलाई योजनाबद्ध तरिकाले हत्या गरेको बताए। 'उनलाई पटक-पटक प्रहरीले समेत किन विरोध गरेको भन्दै मिलाउन खोजेको थियो।' ओमप्रकाशका दाजु वीरेन्द्रले भने, 'ओमप्रकाशको अनाहकमा ज्यान गएको छ। दोषीलाई कारवाही हुनु पर्छ।'

हत्यापछि शुक्रबार विहानै देखि दिउँसो १ बजेसम्म श्रीपुरस्थित पूव-पश्चिम राजमार्ग स्थानीयवासीले अवरोध गरेका थिए। प्रहरी प्रशासन र स्थानीय तहको विरोधमा चर्को नारावाजी लगाउँदै स्थानीयवासीले सडक अवरुद्ध गरेपछि ईलाका प्रहरी कार्यालय ढल्केवरबाट खटेका प्रहरीले २५

बाँकी पृष्ठ २ मा

## प्रदेश ३: जुट्यो सहमति

मध्यान्ह संवाददाता
हेटौंडा, २५ पुस

प्रदेश सभा गठन भएको दुई वर्षपछि तीन नम्बर प्रदेश सभामा प्रदेशको राजधानी र नाम प्रस्ताव आह्वान गरिएको छ। सभामुख सानुकुमार श्रेष्ठले शुक्रबारको प्रदेशसभा बैठकमा प्रदेशको राजधानी नाम प्रस्ताव दर्ता गर्न प्रदेश सांसदहरुलाई आह्वान गरेका हुन्। पुस २६ गते (आज) बिहान ९ बजेदखी ११ बजे भित्र प्रदेशको स्थायी राजधानी र नाम तोक्ने सम्बन्धी कार्यविधि २०७६ को अनुसूची-१ बंमोजिमको ढाँचामा संसद सचिवालयमा राजधानी र नाम प्रस्ताव दर्ता गर्न भनिएको छ।



राजधानी सम्भाव्यता अध्ययन विशेष समितिले प्रस्ताव गर्न सिफरिश गरेको जिल्ला मध्येबाट सांसदहरुले राजधानी प्रस्ताव गर्नु पर्नेछ। राजधानी सम्भाव्यता अध्ययन विशेष समितिले काभ्रे, चितवन, नुवाकोट, भक्तपुर र मकवानपुरलाई राजधानी तोक्ने प्रतिवेदन प्रदेशसभामा बुझाएको थियो। समितिले सिफारिश गरेकै जिल्लामध्येबाट प्रस्ताव दर्ता गर्न खुला गरिएको छ।

तीन नम्बर प्रदेशसभामा एक सय १० सांसद छन्। तीमध्य ८० जना सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का छन्। नेपालको संविधानको धार २८८ को उपधारा २ बमोजिम प्रदेशको राजधानी तत्काल कायम रहेको दुई तिहाई बहुमतले तोक्ने संवैधानीक व्यवस्था छ। संविधान अनुसार प्रदेश ३ मा ७४ जना सांसदले मतदान गरेपछि प्रदेशको स्थायी राजधानी र नाम तोकिने छ। तीन नम्बर प्रदेश सभाले पौष २७ गते मतदान प्रक्रियाबाटै प्रदेश तीनको नाम र राजधानी तोक्नेछ।

यसअघि शुक्रबार नै नेकपा प्रदेश नं. ३ को संसदीय दलको बैठकले केन्द्रीय सचिवालयको निर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरेको थियो। पाँच दिनसम्म चलेको बैठकमा नेकपा प्रदेश ३ का संसदीय दलका नेता एवं मुख्यमन्त्री डोरमणि पौडेलले हेटौंडालाई राजधानी मान्ने र प्रदेश ३ को नाम बागमती तोक्ने निर्णय भएको बताएका थिए। सबै सांसदहरुलाई संसदीय दलको बैठकमा बोल्न पर्याप्त समय दिई सबैको धारणा संकलन गरेर केन्द्रीय सचिवालयको निर्देशनलाई मान्ने निर्णय गरिएको उनले जानकारी दिए।

पुस १९ गतेबाट सुरु भएको संसदीय दलको बैठक रस्साकस्सीसहित चल्न थालेको र नियन्त्रणभन्दा बाहिर जान लागेको महसुस भएपछि केन्द्रीय नेतृत्व भेट्न असन्तुष्ट नेता तथा प्रदेशका मन्त्रीहरु काठमाडौं पुगेका थिए। असन्तुष्ट पक्षहरु नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेट गरेर फर्किसकेपछि राजधानी र नामको सन्दर्भमा केही लचिलो भएका थिए। जसअनुसार केन्द्रीय सचिवालयको निर्देशन कार्यान्वयन हुने अवस्था आएको हो।

मकवानपुरको हेटौंडालाई राजधानी राख्ने विषय मुख्यमन्त्री पौडेलसहितका सांसदहरुको तर्क रहँदै आएको थियो। काभ्रेमा राजधानी हुनुपर्छ भन्ने राय नेकपा प्रदेश इन्चार्ज अष्ट लक्ष्मी शाक्य, राजेन्द्र पाण्डेसहितको रहँदै आएको थियो। जातीय पहिचानको आधारमा प्रदेशको नामाकरण हुनुपर्ने तर्क पनि नेकपामा जोडदार रुपमा उठेको थियो।

## यतीलाई अदालतको रोक

मध्यान्ह संवाददाता
काठमाडौं, २५ पुस



उच्च अदालत पाटनले नेपाल ट्रष्टले यती समुहलाई जग्गा भाडामा दिन भनी गरिएको सम्झौता त्रुटीपूर्ण भएको जनाएको छ। अधिवक्ता परिवर्तन राईले पुस २३ मा दर्ता गरेको रीट निवेदनउपर सुनुवाई गर्दै उच्च अदालत पाटनले दरबारमार्गस्थित नेपाल ट्रस्टको केन्द्रीय कार्यालयको जग्गामा यती समूहले निर्माण गरिरहेको भवन निर्माणको काम रोक्न अल्पकालिन अन्तरिम आदेश दिएको हो।

ट्रस्टले यती समूहसँग गरेको सम्झौता त्रुटीपूर्ण भएको भन्दै मुख्य न्यायाधीश नहकुल सुवेदीको एकल इजलासले यस्तो आदेश दिएको हो। दुवै पक्षलाई छलफलका लागि आउँदो माघ १ गते अदालतले बोलाएको छ।

नेपाल ट्रस्टको कार्यालयले गत २०७३ फागुन १८ मा थामसेर्कु ट्रेकिङ प्रालिलाई ६ अर्ब ४५ करोड ३७ हजार ९ सय ९४ रुपैयाँमा सम्झौता गर्न आउनु भनी पत्राचार गरेकोमा २०७४ बैशाख ६ मा फेरि अर्को पत्र पठाई एक अर्ब ५९ करोड २० लाख ९१ हजार सातसय एक रुपैयाँ एकतीस पैसामा सम्झौता गर्न आउनु भन्नु प्रथम दृष्टिमा नै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को व्यवस्था प्रतिकुल देखिएको अदालतले उल्लेख गरेको छ।

मासिक चार लाख १६ हजार ६ सय रुपैयाँ भाडा पाउने गरी ट्रस्टले ३० वर्षका लागि दरबारमार्गस्थित एक रोपनी १४ आना जग्गा यती एयरलाइन्सको

बाँकी पृष्ठ २ मा

## मलेसियामा सबै देशबाट शून्य लागतमा कामदार

मध्यान्ह संवाददाता
काठमाडौं, २५ पुस

अमेरिका सहित केही पश्चिमी मुलुकहरु र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको दवाव झेल्दै आएको मलेसियाले कामदार आपूर्ति गर्ने सबै श्रोत मुलुकहरुबाट ईम्प्लाईमेन्ट पे मोडलमा कामदार लैजाने भएको छ। नेपालसँग गत कात्तिकमा ईम्प्लाईमेन्ट पे मोडलमा समझदारी गरिसेकेको मलेसियाले बंगलादेशबाट पनि सोही मोडलमा कामदार लैजाने गरी छलफल चलाइरहेको मलेसियाका मानव संशाधन मन्त्री एम कुलासेगरनले त्यहाँका सञ्चारमाध्यमलाई बताएका छन्।




१ करोड २९ लाख २० हजारभन्दा बढी मजदुरले काम गर्ने मलेसियाका उद्योग प्रतिष्ठानहरुमा आप्रवासी कामदारहरुको संख्या करिब ३२ लाख रहेको छ। इण्डोनेशिया पछि नेपाल कामदार पठाउने दोश्रो ठूलो मुलुक हो। अघिल्लो सरकारको पालामा मलेसियाले तीन वर्षको अवधिमा १५ लाख बंगलादेशी कामदार लैजाने सम्झौता गरेपनि त्यसको अझैसम्म कार्यान्वयन हुन सकेको छैन।

पछिल्ला दिनमा मलेसियाका केही रबर उद्योगमाथि विदेशी कामदारहरुलाई शोषण गरेको आरोप लागेको छ। त्यसमध्ये प्रशिद्ध कम्पनी टप ग्लोब्स् र डब्लुआरपी माथि नेपाली र बंगलादेशी कामदारहरुलाई तलव तथा अन्य सुविधा नदिएर शोषण गरेको आरोप छ। जसरी भएपनि रोजगारीका लागि मलेसिया जाने र उतै बसोवास गर्ने योजनामा रहने बंगलादेशीहरु लाखौं रुपैयाँ दलाललाई बुझाउन राजी हुने गरेका छन्।

मलेसियाले सम्झौता अनुसार तलव सुविधा दिने पटक पटक प्रतिवद्धता व्यक्त गरेको छ। सम्झौता अनुसार तलव सुविधा नपाए आफ्नो श्रम विभागमा उजुरी गर्न नेपाली कामदारहरुलाई आग्रह गरेको मलेसियाले नेपाली कामदार ठगीमा पर्ने तर श्रम विभागमा उजुरी हाल्न हिच्किचाउने गरेको भन्दै बिना हिच्किचाहट त्यहाँको श्रम विभागमा उजुरी गर्न आग्रह गरेको छ।

## प्राधिकरणलाई प्रमको निर्देशन

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले पुनर्निर्माणको बाँकी काम छिटो गर्न निर्देशन दिएका छन्। प्रधानमन्त्री निबास बालुवाटारमा शुक्रबार बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण परामर्श परिषद्को बैठकमा प्रधानमन्त्री ओलीले अहिलेसम्मको काम सन्तोषजक भएको भन्दै बाँकी काम छिटो गर्न पनि निर्देशन दिएका हुन्। आफूलाई भेट्ने विदेशीहरुले पनि पुनर्निर्माणमा उल्लेख्य प्रगति भएको सुनाउने गरेको भन्दै उनले अहिले सम्मको प्रगति र अनुभवलाई लिपिवद्ध गरेर राख्न राष्ट्रिय प्राधिकरणलाई निर्देशन समेत दिए। त्यस्तै प्रधानमन्त्री ओलीले एकीकृत वस्ती निर्माणमा पनि जागरण ल्याउनुपर्नेमा जोड दिए।

बैठकमा प्राधिकरणका कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञवालीले निजी आवास निर्माण ६२ प्रतिशत सम्पन्न भएको बताए। उनले बैशाखसम्म रानीपोखरी तयार हुने र धरहरा पुनर्निर्माणले पनि गति लिएको बताए। ज्ञवालीले निजी आवास पुननिर्माण, शिक्षण संस्थाहरु, स्वास्थ्य संस्था, सरकारी भवन, सुरक्षा निकायका भवन, पुरातन्विक एवं सांस्कृतिक सम्पादा, सडक तथा खानेपानी, सामाजिक आर्थिक पुनर्स्थापना, पुनर्निर्माणको दीगोपना र हस्तान्तरण तथा बजेट व्यवस्थापन र खर्चको विवरणका विषयमा भएका प्रगतिको जानकारी गराए।

बैठकले प्राधिकरणले अघि सारेका बिभिन्न प्रस्ताव पारित गरेको छ। प्राधिकरणका अनुसार निजी आवासतर्फ पुननिर्माणको जम्मा लाभग्रही ८ लाख २९ हजार छन् भने पुनर्निर्माण भएका ५ लाख बढी भूकम्पपीडितले सरकारबाट प्रदान गरिने अनुदानको तेस्रो किस्ता लिएका छन्।

सम्भव भएसम्म मुलुककै स्रोत र साधनको प्रयोग गरी मुलुकलाई आर्थिक एवं औद्योगिक रूपमा टेवा पुऱ्याउने बानी बसालौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ‘जिम्मेवारी बढ्यो, जनशक्ति घट्यो’




**काठमाडौं/मस-** सडक विभागमा जिम्मेवारी बढेसंगै जनशक्तिको अभाव बढ्न थालेको छ । विगतमा सडक र पुल निर्माणको जिम्मेवारी पाएको विभागलाई सुरुङ निर्माणको जिम्मेवारी थपिएपछि जनशक्तिको अभाव बढ्दै गएको हो । जनशक्ति अभाव परिपूर्ती गर्न र सुरुङबारे जनशक्तिको जानकारी बढाउन विभागले नागढुङ्गा सुरुङमार्ग निर्माणमा तीन इञ्जिनीयर पठाउने निर्णय गरेको थियो । सुरुङमार्ग निर्माण नेपालका लागि नयाँ अनुभव भएकाले काम गरेर सिक्ने जनशक्ति पठाउन खोजिएको हो । सुरुङमार्ग निर्माणस्थलमा जग्गाको मुआब्जा दिन बाँकी भए पनि सो कामका लागि समेत जनशक्ति छैन ।

गत वर्षको कर्मचारी समायोजन र विभागका जिल्ला कार्यालयका रूपमा रहेका डिभिजन सडक कार्यालय प्रदेश सरकारमा हस्तान्तरणसँगै यहाँका झण्डै ५०० दरबन्दी कम भएका छन् । विभागमा विसं २०५० भन्दा पछि दरबन्दी नबढेको कार्यरत कर्मचारीको भनाइ छ ।

त्यतिबेला साढे चार हजार किलोमिटर सडक रहेकामा अहिले नेपाल सरकारको अधिकार क्षेत्रमा एक हजार ५ सय किमी सडक छ । यो अवधिमा सडक निर्माण र मर्मतको जिम्मेवारपूर्ण निकाय सडक विभागमा जनशक्ति भने घटेको उपमहानिर्देशक शिवहरि सापकोटाले बताए । छब्बीस वर्ष पहिले विभागमा दुई हजार ५१९ दरबन्दी थियो भने अहिले त्यो दरबन्दी कम भएको छ । यसबीचमा बजेट कयौं गुणा बढेको उनको भनाइ छ । उनले भन्नुभयो, ‘बजेट बढसंगै विभागको प्रगति बढाउन जनशक्ति बढाउन खाँचो छ ।’

जनशक्ति कम हुँदा काम गर्न गाह्रो भएकाले विभागले जनशक्ति बढाउन मन्त्रालयमा प्रस्ताव लगेको छ । विभागअन्तर्गतका डिभिजन कार्यालय र जनशक्ति दुवै बढाउन प्रस्ताव गरिएको उपमहानिर्देशक सापकोटाले बताए । आठ ठाउँमा जिल्ला कार्यालय थप गर्न प्रस्ताव गरिएको छ । विभागमा दुई हजार ६७७ कर्मचारी प्रस्ताव गरिएको छ । तीमध्ये इञ्जिनीयरिङ सेवाका दुई हजार २०१ कर्मचारी छन् । उनले भने, ‘अहिले त्यो दरबन्दी थपेपछि मात्रै हामीलाई काम गर्न सजिलो हुन्छ ।’

विभागमा अहिले दरबन्दीभन्दा पनि कम कार्यरत कर्मचारी हुँदा भइरहेका काममा अनुगमन र नियमन गर्न कठिन भएको सापकोटाले बताए । विभागमा अहिले एक हजार ८३५ कर्मचारी कार्यरत छन् । सोमध्ये इञ्जिनीयरिङ सेवाका कर्मचारी एक हजार ३९४ छन् । जनशक्ति कम हुँदा थोरै जनशक्तिले ठूलो क्षेत्रफल हेर्नुपर्ने उनले बताए । उनले भने, ‘नयाँ दरबन्दी पारित भएमा यो समस्या हट्नेछ ।’

कर्मचारी र जिल्ला कार्यालय दुवै कम हुँदा काममा बाधा पुगेको सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखाका प्रमुख अर्जुनजङ्ग थापाले बताए । गत वर्ष मन्त्रिपरिषद्को निर्णायानुसार १८ डिभिजन कार्यालय प्रदेश सरकारलाई हस्तान्तरण गरिएको थियो । यसका कारणपनि जनशक्ति अभाव भएको हो । सडक निर्माणका लागि ठेक्का सम्झौता भएका स्थानमा विभागको जिम्मेवारी नियमितरूपमा नियमन गर्ने र गल्ती भएका ठाउँमा सुधारका लागि सल्लाह छ ।

सरकारको मात्रै नभएर वैदेशिक लगानीका सडकमा पनि कतिपय समस्या आइरहेका पाइन्छन् । उनले भने, ‘हामीले नियमित हेर्दा मात्रै निर्माणकै अवधिमा गल्ती भेटाएर सुधार्न सक्छौं ।’ पूर्वाधार निर्माणका क्रममा प्रविधिक जनशक्ति पर्याप्त हुँदा त्यो गुणस्तरीय निर्माण हुने प्रमुख थापाको भनाइ छ । तीनकुने-सूर्यविनायक सडकमा जापानी कम्पनीले झण्डै २५ इञ्जिनीयर खटाएको थियो । अहिले एउटै डिभिजनले धेरै सडक र पुल हेर्नुपरेको उनले बताए ।

डिभिजन हस्तान्तरण हुँदा एउटा प्रदेशमा दुई/दुई कार्यालय हस्तान्तरण गरिएको थियो । अहिले प्रदेश नं २ मा विभागको एउटा मात्रै डिभिजन छ । त्यसमा कार्यरत थोरै जनशक्तिले धेरै योजना हेरिरहेको उनको भनाइ छ । बुटवलस्थित डिभिजन सडक कार्यालयमा भएका तीन इञ्जिनीयरले यहाँको ५४ पुल र धेरै सडक योजना अनुगमन गरिरहेका छन् । उनले भने, ‘सामान्य प्रशासन मन्त्रालयले दरबन्दी थप्दा मात्रै काममा सहजता हुन्छ ।’

विभागमा गत वर्ष नै ठेक्का सम्झौता भएका एक हजार ४६७ पुल निर्माणाधीन छन् । चालू आवमा स्थानीय सडकमा २१२ पुल निर्माण हुँदै गरेका र रणनीतिक सडकमा पनि धेरै पुल निर्माण गर्नुपर्ने देखिएको पुल महाशाखा प्रमुख दीपक भट्टराईले बताए । सडक निर्माणसँगै पुल निर्माणका हिसाबले पनि विभागमा उच्च चाप रहेको उनको भनाइ छ । सरकारले पूर्वाधारमा बजेट बढाएसँगै त्यसको कार्यन्वयन गर्ने कर्मचारी बढाउनुपर्ने उनको भनाइ छ ।

पुलका अधिकांश योजना बहुवर्षिय ठेक्कामार्फत निर्माण हुने गरेका छन् । यी पुलको नियमित अनुगमन गर्न नसकिएको उहाँको भनाइ छ । उनले भने, ‘रणनीतिक सडकमा मात्रै होइन, स्थानीय सडकमा पनि विभागले नै पुल बनाइरहेको छ तर नियमन गर्ने जनशक्ति कम छ ।’ देशभरमा सडक सञ्जाल झण्डै आठ हजार तीन सय किमी फैलिएको छ । एक हजार ५ सय किमी सडक नेपाल सरकार र बाँकी सडक प्रदेश सरकार तथा स्थानीय तहअन्तर्गतका छन् ।

# ‘मुलुक निर्माणको जिम्मेवारी शिक्षकको हातमा छ’



**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले राष्ट्र निर्माणको निम्मेवारी शिक्षकहरुको हातमा भएको बताएका छन् । शुक्रबार माध्यामिक विद्यालय शिक्षक युनियन (हिस्टान)को राष्ट्रिय एकता महाधिवेशनको उद्घाटन गर्दै मन्त्री पाखरेलले मुलुकलाई कस्ता बनाउने भन्ने जिम्मेवारी पनि शिक्षककै हातमा रहेको बताए । शिक्षाले नै मुलुकलाई नयाँ दिशा दिनेभएकाले शिक्षाले विकाशको मुहार फेर्ने औंल्याए ।

‘देश कता जान्छ भन्ने शिक्षाले नै निर्धारित गर्दछ, शिक्षा कस्तो दिने भन्ने शिक्षकको हातमा हुन्छ’, उनले भने, ‘जुन मुलुकमा विकासमा कायापलट भएको छ, त्यहाँ शिक्षकले राम्रो शिक्षा दिएका कारणले भएको छ, हाम्रो देशमा पनि शिक्षकले गुणस्तरीय शिक्षा दिएर मुलुकको समृद्धिका लागि भूमिका खेल्नुपर्दछ ।’

शिक्षकहरु भनेको अध्यायन गराउनका लागि भएकाले त्यो शिक्षकले शिक्षा सुर्धान मात्र आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने उनको धारणा छ । उनले शिक्षामा मात्रात्मक विकास भएकाले अब गुणात्मक शिक्षा प्रदान गर्न शिक्षकलाई आग्रह गरे । ‘गुणात्मक शिक्षालाई केन्द्रविन्दुमा राखेर काम गर्नुहोस्, गुणात्मक शिक्षा दिएर शिक्षाको गुणस्तर शिक्षकले बढाउनुपर्दछ’, उनले भने ।

आफुले लामो प्रयास पश्चात भर्खरैमात्र अस्थायी शिक्षकको समस्या समाधान गर्न सकेको बताउँदै, अब द्वन्द्वपीडित शिक्षकका मागहरु समाधान गर्न सरकार लागिपरेको बताए । सरकार सधैं शिक्षकको पक्षमा भएको बताउँदै उनले आपसी छलफलबाट शिक्षकका समस्या समाधान गर्ने बताएका छन् ।

मन्त्री पोखरेलले भर्खरै ल्याइएको शिक्षानीतिका आधारका उच्च शिक्षा ऐन, संघीय शिक्षा ऐन र प्राविधिक ऐन ल्याउन थालेको समेत बताए । उनले शिक्षकका धेरै सङ्गठन भएकाले सरकारलाई काम गर्न समस्या परेकाले एउटै छाता सङ्गठन बनाउनसमेत आग्रह गरे ।

नेपाली कांग्रेसका नेता डा. रामशरण महतले मुलुकमा शिक्षा र स्वास्थ्यमा प्रगति भएको भन्दै बजारले माग गर्ने खालका प्राविधिक जनशक्ति उत्पादन गर्नुपर्ने बताए । उनले शिक्षाको गुणस्तर उठाउनका लागि सरकार, शिक्षक र व्यवस्थापन मिलेर काम गर्नुपर्नेमा जोड दिए । हिस्टानका निवर्तमान अध्यक्ष दीपकराज सुवेदी र नेपाल शिक्षक महासंघका अध्यक्ष बाबुराम थापाले सबै शिक्षक सङ्गठन गोलबन्द हुनुपर्ने भन्दै शिक्षकका समस्या राज्यले सम्बोधन गर्नुपर्ने बताए ।

# सार्वजनिक पार्क व्यक्तिको कब्जामा




**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २५ पुस

कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका अन्तरगत कृष्णनगर बजारमा रहेको महेन्द्र पार्क व्यक्तिबाट कब्जा गरिएको छ । २०१५ सालमा निर्माण भएको उक्त पार्क स्थानीय रुद्रप्रताप शाहले निजी प्रयोजनका लागि प्रयोग गरिरहेका छन् । रुद्रप्रताप, प्रतिनिधिसभाका सांसद अभिषेकप्रताप शाहका हजुर बुबा हुन् ।

उनको परिवारले पार्क छेउमा निर्माण गरेको भवनको भाडासमेत उठाउने गरेका छन् । नेपाल-भारत सीमानाका सँग जोडिएको महेन्द्र पार्क कृष्णनगरका शिवप्रताप शाह तत्कालीन अर्थ राज्यमन्त्री हुँदा तात्कलिन राजा महेन्द्रले निर्माण गर्न लगाएका थिए । राजा महेन्द्रले सभा, समारोह, सम्मेलन र नेपाल भारत आवातजावत गर्ने सर्वसाधारणका लागी बसोबासको प्रबन्ध मिलाउन पार्कका लागि जग्गा उपलब्ध गराएका थिए ।

राजा महेन्द्रले उपलब्ध गराएको उक्त जग्गामा आकर्षक पार्क र सार्वजनिक पुस्तकालय निर्माण गर्ने योजना छ । तर, रुद्रप्रताप शाह परिवारको कब्जामा रहेपछि पार्क प्रयोगमा आउन नसकेको स्थानीय दिनेशचन्द्र गुप्ताले मध्यान्हलाई बताए । ‘राज्यबाट पार्क निर्माण गर्न लाखौं रुपैयाँ आएको छ’, उनले भने, ‘तर यस विषयमा बोल्न पनि गाह्रो छ । प्रतिनिधिसभा सदस्य अभिषेकप्रताप शाहले आफू सांसद हुँदा सांसद विकास कोषको लाखौं रुपैयाँ यही पार्क निर्माणमा खर्च गरे । तर, न पार्क निर्माण भयो न त अरूले नै प्रयोग गर्न सकेका छन् ।

२०१५ सालदेखि शाह परिवार कांग्रेस, राप्रपा, मधेसवादी दलबाट राज्यका विभिन्न ओहोदामा पुग्दै आएका छन । राजनीतिक रूपमा शक्तिशाली मानिएका शाह परिवारले कब्जा गरेको पार्कको विषयमा कुनै तहले प्रश्न उठाएको छैन । शाह परिवारकै कारण पार्कका विषयमा कुरा उठाउन नसकिएको स्थानीय प्रभाव भण्डारीले बताए । पार्कलाई एउटा परिवारले मात्रै कमाइ खाने भाँडो बनाउँदै आएको उनको आरोप छ । विभिन्न समयमा महेन्द्र पार्कलाई सार्वजनिक रूपमा प्रयोग गर्ने प्रस्ताव आएको थियो । तर, शाह परिवारले छाड्न मानेको छैन । त्यसविरुद्ध दबाब पनि सिर्जना हुन सकेको छैन । स्थानीय कृष्णकुमार गुप्ताले भने, ‘पार्कको विषयलाई उठाउँदै आएका छौं ।’

महेन्द्र पार्कको व्यवस्थापन गर्न भनेर वन विभाग, जिविस, गाविस, संसदीय विकास कोष हुँदै नगरपालिकाबाट समेत बजेट निकासा हुँदै आएको छ । झन्डै एक बिघा क्षेत्रफलमा अवस्थित पार्कको स्वामित्वमा आठ वटा सटर रहेको भवन निर्माण गरिएको छ । ३० को दशकदेखि ती सटरको भाडा रुद्रप्रताप शाह परिवारले लिँदै आएका छन् । प्रतिसटर महिनाको दुई हजारका दरले रुद्रप्रताप शाहलाई भाडा बुझाउँदै आएको कनोडिया वस्त्रालयका व्यापारीले बताए ।

पार्क कब्जा गरिरहेका रुद्रप्रताप शाहले भने यसबारे केही बोल्न मानेनन् । कृष्णनगर नगरपालिकाले पनि महेन्द्र पार्कलाई आफ्नो नियन्त्रणमा राख्न सकेको छैन । नगरपालिकाका मेयरसमेत शाह परिवारबाटै भएकाले पार्कको विषयमा चासो नदिएको नगरपालिकाका एक कर्मचारीले नाम उल्लेख नगर्ने शर्तमा मध्यान्हलाई बताए ।

# नाट्टा निर्वाचनमा गुरागाईं समूहको उम्मेद्वारी

**काठमाडौं/मस-** नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट (नाट्टा) को आगामी निर्वाचनका लागि वर्तमान वरिष्ठ उपाध्यक्ष अच्युत गुरागाईंको समूहले उम्मेदवारी घोषणा गरेको छ ।

गुरागाईं समूहले शुक्रबार पत्रकार सम्मेलन गरेर आफ्नो समूहबाट निर्वाचनमा उठ्ने १० जना उम्मेदवारको नामावली घोषणा गरेको हो । नाट्टाको वरिष्ठ उपाध्यक्षमा हेमराज बाँस्तोला, उपाध्यक्ष यज्ञमूर्ति आचार्य, महासचिव राकेश धमला, सचिव गोविन्द दाहाल, कोषाध्यक्ष कुमारमणि थपलिया र सहकोषाध्यक्षमा पासाङ दावा शेर्पाको उम्मेदवारी घोषणा गरिएको हो ।

यस्तै सदस्यमा परशुराम घिमिरे, नमराज भेटुवाल र रमेश थापाको नाम घोषणा गरिएको छ । अध्यक्षका उम्मेदवार गुरागाईंले सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन आफूले अध्यक्षमा उम्मेदवारी दिन लागेको बताए । सो समूहले कम्पनीलाई प्रविधिमैत्री, नाटा सचिवालयलाई प्रभावकारी बनाउन, विभिन्न कारण देखाइ गन्तव्य प्रवेशमा रोक लगाइएका कारण टिकेटिङ कम्पनीमा पर्न गएको अनावश्यक आर्थिक भारबाट उन्मुक्ति दिलाउने आफ्नो लक्ष्य रहेको बताएको छ ।

नाट्टा सदस्यलाई कुनै आपतकालीन स्थिति आइपर्दा सहयोग पुर्‍याउन राहतकोष स्थापना गरिनेछ । उपयुक्त कार्यविधिका आधारमा राहतकोष सञ्चालन गरिने बताइएको छ । काठमाडौं उपत्यकामा पर्यटकीय बसका लागि टर्मिनल निर्माण, वुद्धिष्ट इन्टरनेशनल ट्राभल मार्टलाई निरन्तरता दिने, नेपाल भ्रमण वर्षका अवसरमा देशभर विभिन्न कार्यक्रम आयोजना गरिने, नेपालको आकर्षक गन्तव्य स्थललाई विभिन्न देशमा चिनाउन भूमिका खेलिने घोषणापत्रमा उल्लेख छ । नाट्टाको वार्षिक साधारणसभा तथा निर्वाचन आगामी माघ ३ गते शुक्रबार काठमाडौंमा हुँदैछ ।

# नवीकरणीय ऊर्जामा सहयोग गर्न मन्त्री पुनको आग्रह




**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले नेपालको नविकरणीय उर्जामा सहयोग गर्न आग्रह गरेका छन् । संयुक्त अरब इमिरेट्स (युएई)को भ्रमणका क्रममा अन्तरराष्ट्रिय नवीकरणीय ऊर्जा संघका महानिर्देशक फ्रान्सेस्को ला क्यामेरासंग कुराकानी गर्दै मन्त्री पुनले नेपालको नवीकरणीय ऊर्जाका विविध आयामबारे पनि छलफल गरेका थिए ।

नेपालमा नवीकरणीय ऊर्जा सम्मेलन गर्न नविकरणीय उर्जासंघलाई आमन्त्रण समेत गरेका छन् । उनले भेटवार्ताका क्रममा भविष्यमा नवीकरणीय ऊर्जाको विकासमा सहकार्यको प्रस्ताव गरेको मन्त्री पुनका प्रमुख स्वकीय सचिव दुर्गाप्रसाद चापागाईंले बताए ।

हाल नेपालमा स्थिर सरकार तथा नीति रहेको भएकाले ढुक्कले लगानी गर्ने वातावरण भएको उनले बताउ । मन्त्री पुनले ऊर्जा क्षेत्रमा विदेशी लगानीका लागि उपयुक्त अवसर र वातावरण रहेको उल्लेख गरेका छन् ।

यसैगरी, नेपाल सरकारले १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने र

को लक्ष्य राखेको तथ्य समेत उनको वार्तामा राखेका छन् । त्यसमा १० देखि १५ प्रतिशत योगदान सौर्य ऊर्जाको हुने उनले बताए । वर्षमा ३६० दिन घाम लाग्ने भएकाले नेपाल जलविद्युत्संगै सौर्य ऊर्जाका लागि पनि उपयुक्त स्थान भएको मन्त्री पुनको भनाइ थियो । सरकारले सौर्य ऊर्जाको विकासका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र स्थापना गरेको र त्यसले संस्थागत रूपमा काम गरिरहेको उनको भनाइ थियो ।

यसैगरी महानिर्देशक क्यामेराले पनि नेपालले सौर्य ऊर्जाको विकासलाई उच्च प्राथमिकतामा राखेकामा सराहना गरेका छन् । उनले नेपाललाई भविष्यमा सौर्य ऊर्जा प्रवर्द्धनका लागि संघले प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् । मन्त्री पुन नवीकरणीय ऊर्जा सम्मेलनमा भाग लिन बिहीबार त्यसतर्फ प्रस्थान गरेका थिए ।

# मन्त्री बाँस्कोटा र ढकाललाई थप मन्त्रालयको जिम्मेवारी

**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटा र स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाललाई थप जिम्मेवारी दिइएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले शुक्रबार प्रधानमन्त्रीको सिफारिसमा बाँस्कोटालाई सहरी विकास मन्त्रालय र ढकाललाई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी दिएकी हुन् । राष्ट्रपतिको कार्यालयद्वारा जारी विज्ञप्तिमा दुवै जनालाई मन्त्रालयको जिम्मेवारी थप गरिएको उल्लेख छ ।

स्वास्थ्य मन्त्रालय सम्हाल्नुअघि ढकालले कानुन मन्त्रालय सम्हालेका थिए । पछि प्रधानमन्त्रीले मन्त्रिपरिषद् पुनर्गठन गरेपछि समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई कानुन मन्त्रालयको जिम्मेवारी दिइएको थियो । समाजवादी पार्टीले सरकार छाडेपछि भने उपेन्द्र यादव र सोही पार्टीका मोहम्मद इस्तियाक राईले सम्हालेका ती मन्त्रालयहरू प्रधानमन्त्रीले सम्हाल्दै आएका थिए ।

# बस दुर्घटनामा दुईको मृत्यु, १८ घाइते

**दमौली/मस-** तनहुँमा बस दुर्घटनामा परी दुई जनाले ज्यान गुमाएका छन् । पाल्पाको रामपुरबाट पोखरातर्फ जाँदै गरेको ग १ ख ६१७५ नम्बरको बस घिरिङ गाउँपालिका-३ स्थित थानीमाइमा अनियन्त्रित भई सडकबाट तल खस्दा बसमा सवार दुईको मृत्यु भएको हो । दुर्घटनामा घिरिङ गाउँपालिका-१ निवासी २० वर्षीया मुना थापा र घिरिङ- ३ निवासी ४२ वर्षीय नानीमाया गुरुङ रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता लीलाराज लामिछानेले बताए । उनका अनुसार थापाको घटनास्थलमै र गुरुङको पोखरामा उपचारका क्रममा मृत्यु भएको छ ।

## अभियन्ता...

राउण्ड अश्रुग्यास प्रहार भएको थियो । भारतको भोपालस्थित मैकेनिकल इन्जिनियरिङ्गमा दिलीप इन्जिनियरिङ्को अन्तिम वर्षमा अध्ययनरत्त थिए । उनी जनवरी एक तारिकमा बिदाका दिन घर आएका थिए । पछिल्लो ५ वर्षदेखि दिलीप सामाजिक अभियन्ताका रुपमा कृयाशील रहँदै आइरकेको स्थानीयवासीको भनाइ छ ।

मृतककी बहिनी लक्ष्मी महतोका अनुसार साथी रोशन यादवले अवैध उत्खनन् गरिरहेको खबर गरेपछि ओमप्रकाश उनीसँगै उत्खनन भइरहेको स्थल पुगेका थिए । ओमप्रकाश घरबाट निस्किएको केही समयमै गाउँभर नै उनको हत्या भएको खबर फैलिसकेको थियो । बहिनी लक्ष्मी, बुवा रामजीवन, वडाध्यक्ष श्यामबाबु यादव लगायत केही स्थानीयवासी घटना स्थलमा पुगिसकेका थिए । साथै प्रहरी प्रशासन शव उठाउनका लागि पुगेको थियो ।

वडाध्यक्ष महतोको सहमतिपछि ओमप्रकाशको शव पोस्टमार्टमका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा जनकपुर लगिएको छ । ओमप्रकाशको शव उठाइए पनि परिवारका सदस्यहरुले आफूहरुको सहमति तथा मुचुल्का बिना नै शव घटनास्थलबाट लगिएको भन्दै पोष्टमार्टमका लागि शव दिन तयार थिएनन् ।

## यतीलाई ...

भगिनी संस्था थामसेर्कुलाई दिँदा राज्यलाई पाँच अर्ब नोक्सान भएको रीटमा दाबी गरिएको थियो ।

त्यस्तै अदालतले यस विषयलाई सार्वजनिक महत्वको विषयका साथै कानूनी प्रश्नलाई दृष्टिगत गरी सुनुवाईमा ‘एमिकस क्युरी’ समेत गठन गर्न माग गरेको छ । त्यसका लागि दुई जना वरिष्ठ अधिवक्ता वा अधिवक्ता पठाउन उच्च अदालतले बार एसोसिएसनको सहयोग समेत मागेको छ ।

# विपन्नलाई न्यानो लुगा

**धनुषा/मस-**शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रका कर्मचारीले धनुषाको मुसहर बस्तिमा न्यानो लुगा वितरण गरेका छन् । केन्द्रमा कार्यरत चिकित्सक कर्ण विश्वकर्माको पहलमा जिल्लाको लक्ष्मिनियाँ गाउँपालिका-७ का ८३ घरधुरीलाई न्यानो लुगा वितरण गरिएको हो । सञ्चारमाध्यममा आएका समाचारको आधारमा चिकित्सक विश्वकर्माले कपडा वितरणको लागि गंगालालका कर्मचारीहरुसंग अपिल गरेका थिए ।

लुगा वितरणको लागि विकाश भुसालले सहोयग गरेपछि न्यानो लुगा वितरण कार्यक्रम सफल भएको चिकित्सक विश्वकर्माले बताए । उनीहरुले ८३ वटा सिरक, करिब दुई क्विन्टल लुगा, प्याड र म्याटवितरण गरिएको हो । सहोयगका लागि विश्वकर्मा र भुसालले आफ्नै सहक्रर्मीसंग ५ सय देखि सय रुपैयाँसम्म सहयोग संकलन गरेका थिए ।


## भूल सुधार

मिति २०७६/०९/२५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा वैदेशिक रोजगारको अवसर शिर्षक, कम्पनी : Anirass Gaya Security Services Sdn. Bhd., Kuala Lumpur र LT. No.: 229290 को विज्ञापनमा कामदारको पद Security Guard 10 जना पुरुष हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

न्यू सृष्टि ओभरसिज प्रा. लि.
Govt. Lic No.: 1036/073/074
नयाँ बानेश्वर, काठमाडौं, फोन: ४१०५१२५



## साउदीमा रोजगार

१. कम्पनी : JABER BATTAL AL DOSSARY TAILORING STORE
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२३ | चलानी नं.: ६०१४९७७३ | LT. No.: 230433

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Iron Man | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Mens Clothing Tailor | 5 | 0 | | 1500 | ४५,४३५ | | | | | | | |

२. कम्पनी : MOHAMMAD A AL ABDULWAHID EST.
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२४ | चलानी नं.: ६०१४९८३६ | LT. No.: 230432

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नें छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


श्रम इजाजत नं. ८१३/०६५/०६६

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४
Email: pangeni25june2009@yahoo.com, Website: www.panganihumanresource.com


विश्वकर्माले सहयो फजुल खर्च कटाएर सहयोग गर्न अपिल गरेका छन् ।

# 'गौमुखीमा माघीदेखि भ्रमण वर्षको सुरु गरिंदै'

रबिन विश्वकर्मा/मध्यान्ह
प्यूठान, २५ पुस



प्यूठानको गौमुखी गाउँपालिकाले आफ्नो क्षेत्रको विकाशका लागि गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरेको छ। नेपाल भ्रमण वष-२०२० लाई प्रभावकारी बनाउन गाउँपालिका स्तरमा पर्यटन प्रवर्द्धन समिति गठन गरीएको हो। गाउँपालिका अध्यक्ष बिष्णु कुमार गिरी संयोजक, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजिव पन्थी सदस्य सचिव रहनेगरी ११ सदस्यीय समिति गठन गरिएको छ। यसको सदस्यमा डोर बहादुर राना, गोवर्द्धन थापा, सिताराम थापा, मधु जि.सी., सुमित्रा गौचन, ज्ञानुमाया के.सी., जनक के.सी., कृष्ण प्रसाद पौडेल र मित्र बहादुर थापा रहेका छन्।

पर्यटन प्रवर्द्धन समितिले गौमुखी गाउँपालिकाबाट प्यूठान भ्रमण बर्षको शुभारम्भ गर्ने निर्णय गरेको छ। गाउँपालीकामा स्वर्गद्वारी र अर्खा दुई ठुला धार्मिक स्थलहरु रहेका छन्। यसैगरी मनै लोभ्याउने झिमरुक नदिको उदगम स्थल, चाँदी झै चम्किएका चोरुँचोरुँ लाग्ने सेता अग्ला पहाडका चुचुरा जस्ता रमाइला दृष्यहरुको अवलोकन गर्न सकिन्छ। यहाँ माघीमा विषेश मेला लाग्ने भएकाले अवलोकनका लागि आउनेहरुको पनि लर्को नै लाग्ने गर्छ। माघको पहिलो दिनदेखि गौमुखीमा भ्रमण बर्षको भव्य सुभारम्भ गर्ने गाउँपालिका अध्यक्ष गिरीले बताए। उनले भने, 'त्यस दिन गाउँपालिकाका बाइसमुल झरना, तामाखानी, नाङ्गीलेक, झाकिढंगा, कैलास दह, एक पाइलेस्थित झोलुङ्गे पुल, झुपाल धुरी र रानी दह लगायतका अन्य पर्यटकीय स्थलहरुको प्रचार-प्रसार तथा प्रवर्द्धन गर्नेछौ।'

गत वर्ष जिल्लाभित्र र बाहिर गरि करिब १० हजार धार्मिक पर्यटक गाउँपालिकाका विभिन्नशक्तिपिठमा पुजा गर्न पुगेका छन्। चालू आर्थिक वर्षको करिब ६ महिनामै झण्डै २० हजार धार्मिक पर्यटक गाउँपालिकामा आइसकेको अध्यक्ष गिरीले बताए।

जिल्ला स्तरीय पर्यटन प्रवर्द्धन समितिले भ्रमण बर्ष-२०२० को शुभारम्भ गौमुखी गाउँपालिकाबाट गर्ने निर्णय गरेको छ। पर्यटन प्रवर्द्धन समितिले माघी मेलाबाटै भ्रमण बर्ष सुभारम्भ गर्न लागेको स्थानीय डोर बहादुर रानाले बताए।

त्यहाँको पानीले नुहाउाद मागेको र चिताएको पुग्ने विश्वासले सन्तान प्राप्तीको बर माग्ने, शिक्षा प्राप्ती गर्न कापी कलम चढाउने र परेवा उडाउने गर्छन्। यहाँ दाङ, अर्घाखाची, कपिलबस्तु र रोल्पा लगायतका छिमेकी जिल्लाहरुबाट समेत आन्तरिक पर्यटक आउने गरेका छन्।

# विमानस्थलमा लोडसेडिङको झल्को, निकालियो सूचना



**काठमाडौं/मस-** त्रिभुवन विमानस्थलमा चाहिने जति विद्युत आपूर्ति नभएपछि विमानस्थल कार्यालयले सूचना जारी गरेको छ। विमानस्थल कार्यालयले शुक्रबार लोडसेडिङका बेला जसरी निकालिएको सूचनामा हिटर र एसी नचलाउन आग्रह गरिएको छ। चिसो मौसमका कारण त्रिभुवन विमानस्थलमा विद्युतको माग बढेको जनाएको छ। त्यसले विमानस्थलको सञ्चालनमा प्रयोग हुने कम्युनिकेशन, नेभिगेसन र सर्भिलेन्सलगायतका उपकरणमा प्रत्यक्ष प्रभाव परेको सूचनामा भनिएको छ।

सोहीकारण विमानस्थल कार्यालयमा अत्यावश्यक विद्युतीय उपकरणबाहेक हिटर, एयरकन्डिसनिङजस्ता बढी विद्युत खपत गर्ने उपकरणको अनावश्यक प्रयोग नगर्न सूचित गरिएको छ।

विमानस्थलभित्रका सुरक्षा निकाय, त्रिवि अध्यागमन कार्यालय, भन्सार कार्यालय, वायुसेवा कम्पनी, विभिन्न पसललगायत सरोकारवालालाई यस्तो सूचना जारी गरिएको हो।

# हत्या अभियोगमा सात पक्राउ, एक फरार




**सिन्धपाल्चोक/मस-** सिन्धपाल्चोकबाट हत्या अभियोगमा सात जनालाई फक्राउ गरिएको छ। भारतको विहार घर भई पर्सा पोखरीया नगरपालिका-८ बस्ने २७ वर्षीय राजकुमार मुखियाको हत्या अभियोगमा वीरगञ्ज महानगरपालिका-११ का २७ वर्षीय प्रेम यादव, २७ वर्षीय भोला माझी साह, ५३ वर्षीय राजेश मेत्तर, ४८ वर्षीय राजन साह, ३५ वर्षीय अशोक साह, २५ वर्षीय विनोद पासवान र रुपन्देही तिलोत्तमा नगरपालिका-१२ का ३६ वर्षीय सन्तोष थापामगरलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले बताए।

प्रहरीका अनुसार फटकशीलाबाट यही पुस १७ गते ६ जना र प्रेम यादवलाई पर्सा प्रहरीको सहयोगमा यही पुस २२ गते वीरगञ्जबाट पक्राउ गरिएको हो। हत्याका मुख्य अभियुक्त ठेकेदार समिर मियाँ फरार रहेकाले खोजतलास भइरहेको प्रहरीले जनाएको छ। इन्द्रावती गाउँपालिका-५ लामाटोलका पूर्णबहादुर तामाङको घरमा ठेकेदार मियाँको टोलीले यही पुस ६ गते ढलान कार्य सकेपछि उनीहरु सबैले मादक पदार्थ सेवन गरेका र राति ११ बजे ना ७ त २०९५ नंको ट्र्याक्टर चढेर मेलम्ची बजार झरेका थिए।

बाटोमा विवाद परेपछि मुखियालाई कुटपिट गरी हत्या गरेका थिए। ठेकेदारकै मिलेमतोमा मेलम्ची नगरपालिका-१० फटकशीलाको चप्लेटा पाखा बगरमा शव फालेका थिए। उक्त ठाउँ आसपास दुर्गन्ध फैलिन थालेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए। हत्याको नौ दिनपछि पुस १६ गते प्रहरीले शव बरामद गरेको थियो। हत्या भएको आशङ्कामा अभियुक्तलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

# जर्मनीको 'डोमोटेक्स'मा नेपाली गलैंचा




**काठमाडौं/मस-** जर्मनीको ह्यानोभरमा आयोजना हुने 'डोमोटेक्स' कार्पेट मेलामा नेपाली गलैंचाको प्रदर्शन गरिने भएको छ। हरेक वर्ष लाग्ने मेलामा अन्य वर्षहरु झैं यस वर्ष पनि नेपालले भाग लिन लागेको हो। शुक्रबारदेखि आगामी सोमबारसम्म सञ्चालन हुने मेलामा नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघका अध्यक्ष रामबहादुर गुरुङको नेतृत्वमा १४ सदस्यीय प्रतिनिधिमण्डलले सहभागिता जनाएको छ।

मेला नेपाली गलैंचा उद्योगका निमित्त अति महत्वपूर्ण रहेकाले बताइएको छ। यसमा नेपाली व्यवसायीहरुले १६ वर्ष अघिदेखि सहभागिता जनाउँदै आएको अध्यक्ष गुरुङले बताए। नेपाली गलैंचाको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन र विस्तार गरी विदेशी मुद्रा र रोजगारीका अवसरहरु सिर्जना गर्ने अवसरको रुपमा मेलालाई हेरिएको उनको भनाइ छ।

गत वर्ष गलैंचाबाट आठ अर्ब ५० करोड रुपैंया बराबरको विदेशी मुद्रा आर्जन गरिएको थियो भने निर्यातजन्य वस्तुको सूचीमा पनि गलैंचा प्रथम स्थानमा रहन सफल भएको थियो। केही वर्षयता यसको निर्यात क्रमशः घट्दै गएको छ। नेपाली हस्त निर्मित गलैंचाको माग विश्वका धेरै मुलुकबाट भएपनि उपयुक्त वातावरण बन्न नसक्दा क्रमशः व्यवसायीहरु पलायन हुन थालेकाले उनीहरुलाई व्यवसायतर्फ आकर्षित गर्न अन्तराष्ट्रिय स्तरमा आयोजना हुने यस्ता मेलाहरु सहयोगी हुने गुरुङको बताए।

# सौतेनी आमासँग अवैध सम्बन्ध, बृद्ध बाबुको हत्या



**भोजपुर/मस-** सौतेनी आमासँग अवैध सम्बन्धको रहस्य खुलेपछि बृद्ध बाबुको हत्या गरिएको घटना बाहिर आएको छ। भोजपुर नगरपालिका-११, आम्तेकका ८८ वर्षीय दलबहादुर राईको शव मंसिर १ गते आम्तेककै अड्डेडाँडा छेउको खोलामा सडेको अवस्था फेला परेको थियो।

घटनाबारे अनुसन्धान गर्दै जाँदा प्रहरीले हत्यामा उनकै कान्छि श्रीमती ५६ वर्षीया कर्णशोभा राई र ६५ वर्षीय छोरा हरिबहादुर राईको संलग्नता रहेको पाइएको प्रहरीले जनाएको छ।

२५ असोजमा ससुरालीमा दशैंको टीका लगाएर फर्कदै गर्दा बाटोमा छोरा हरिबहादुरले कान्छि आमासँग मिलेर बाबुको घाँटी थिची हत्या गरेका थिए भोजपुर प्रहरी प्रमुख डीएसपी नरबहादुर सलामी मगरका अनुसार हरिबहादुरको सौतेनी आमासँगको शारीरिक सम्बन्धक थाहा पाएपछि बृद्ध बाबुको हत्या गरेका थिए। हत्यापछि उनीहरूले शवको व्यवस्थापन गर्न अन्य दुई जनालाई पाँच हजार रुपैयाँ दिएर सहयोग मागेका थिए।

छिमेकी नारायण विश्वकर्मा र सन्तोष विश्वकर्मालाई शव फ्याक्न बोलाएका थिए। हत्यामा संलग्न आमा-छोरा र शव फ्याँक्न सहयोग गर्ने थप दुई जनासमेत चारजना पक्राउ गरिएको प्रहरीले जनाएको छ। शुक्रबार जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै घटना सार्वजनिक गरिएको हो। पक्राउ परेकालाई कर्तव्य ज्यान मुद्दा अन्तर्गत मुद्दा चलाइएको प्रहरीले जनाएको छ।

# मौसममा सुधार

**काठमाडौं/मस-** केहीदिनदेखि बिग्रिएको मौसममा सुधार आउने भएको छ। पश्चिमी न्यून चापीय वायुको प्रभावले केही दिनयता प्रभावित मौसम बिस्तारै सुधार हुँदै जाने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

सोमबार पश्चिमी भू-भाग हुँदै प्रवेश गरेको उक्त प्रणाली शुक्रबार उत्तरपूर्वी भू-भाग हुँदै बाहिरिने मौसमविद् सजिना शाक्यले बताए। 'शुक्रबारदेखि देशैभरि आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा हुनेछ', मौसमविद् शाक्यले भनिन्।

राति देशका मध्यपूर्वी भू-भागलगायत पश्चिमी पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही पश्चिमी तराईका भू-भागमा मौसम सामान्यतया सफा रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। शनिबार देशका पूर्वी भू-भागलगायत मध्य तथा पश्चिमी पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहने बताइएको छ। आइतबार देशका पश्चिमी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सफा हुने सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

मौसम पूर्वानुमान महाशाखाले आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै देशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै उच्च पहाडी तथा हिमाली भू-भागका अधिकांश स्थानमा मध्यमदेखि भारी हिमपात हुने सम्भावना रहेकाले यसकै कारणले जाडो बढ्ने हुनाले चिसोबाट जोगिन तथा यात्रा गर्दा सावधानी अपनाउन आग्रह गरेको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार शुक्रबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम छ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम १३ दशमलव सात डिग्री सेल्सियस रहेको छ। शुक्रबार सबैभन्दा कम डडेल्धुराको न्यूनतम तापक्रम माइनस शून्य दशमलव एक डिग्री सेल्सियसमा झरेको छ।


श्री इन्द्राणी मा.वि.
तुम्बेवा-०३, मौवा, पाँचथर

**बालेपत्र आव्हान सम्बन्धि सूचना**

**सूचना प्रकाशित मितिः २०७६/०९/२६**

श्री इन्द्राणी मा.वि. तुम्बेवा-०३, मौवा पाँचथरले प्राविधिक शिक्षा अर्न्तगत पशु विज्ञान तर्फको प्रयोगात्मक शैक्षिक सामग्री र प्रयोगशाला निमार्णको लागि बोलपत्र आव्हान गरेको हुँदा इच्छुक फर्मले आफ्नो दर भाउ सहितको कोटेशन पेश गर्नुहुन अनुरोध गरिन्छ।

**नोटः कोटेशन अवधि प्रकाशित मिति देखि एक हप्ता**

**तालिमको सुवर्ण अवसर**

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।

हाम्रो सेवाहरुः ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।

**HILTON ACADEMY PVT. LTD.**
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

**होटल तालिम !**

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।

Get your skill for your future carrier



✔ **HK**
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ **KITCHEN**
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ **F&B**
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✔ **FRONT DESK, RECEPTION**

**रोजगारी पनि भविष्य पनि**
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाईं सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं।

**NICHOLAS HOSPITALITY SERVICES (P).LTD**
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।**

**कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.**



**Cosmo Nepal Travel And Tours (P.) Ltd.**

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

कथा

# पुरूषार्थी

"दिदी तपाई जीवनभर पीडा बोकेर बाँचेको म हेर्न सक्दिन र चाहन्न । त्यही हुनाले सागरलाई बल्ल बल्ल मनाएर लिएर आएको छु । अब जीवनभर पीडामा बस्नु ठिक कि एकैछिन आँखा चिम्लिएर जीवनका बाँकी समय खुशी हुने आफै विचार गर्नुस ।"



बसन्त सुवेदी

आँगनमा टन्नै भरिभराउ मान्छे । चोटा, कोठा, बार्दली सबै पाहुनाहरूले भरिएका । पञ्चे वाजाको झ्याँई झ्याँई । कोही नाचिरहेका, कोही गीतमा ताल मिलाइरहेका, कोही खाइरहेका । चिनिमायालाई फुर्सदै छैन । पाहुना, आउने जाने इष्टमित्र स्वागत सत्कार आदि ईत्यादि ।

आज हरिकृष्ण अर्थात चिनिमायाको लोग्नेको विवाह तर चिनिमायाको होइन । चिनिमायाको त छ साल पहिले नै बिहे भएको । बाबुआमाले मनले खाएको त्यही हरिकृष्णसँग । त्यतिवेला हरिकृष्ण २१ वर्षको थियो चिनिमाया १७ वर्ष । यसै गरी रमझमका साथ बिहे भएको थियो उनीहरूको । ५ कक्षासम्म पढेकी चिनिमाया असाध्यै सुन्दर थिइ । वान्की परेकी ठूला आँखा छिनेको कम्मर पुष्ट छाती कालो लामो कपाल हलक्क बढेकी । सबैले भन्थे यो साह्रै भाग्यमानी हुन्छे ।

भाग्यमानी पनि भइ । हुने खाने परिवारको हरिकृष्ण उसको जीवनमा आयो । त्यतिले मात्र उसको भाग्यलाई पुगेन हरि कृष्णको बाबुआमाले उसलाई आफ्नै जन्म दिने बाबुआमाको प्यार दिन्थे । हरिकृष्णकी बहिनी उषा नन्द भएतापनि साखै आमाकी छोरी बहिनी भइ, प्यारी चञ्चल अनि आँखामा राख्दा नबिझाउने । बिहेको दिन आँखाबाट झरेको विछोडको आँसु र त्यस दिनको रमझम बाहेक उसको जीवनमा केही परिवर्तन भएन । उत्तिकै प्यार उत्तिकै ममता जन्म घर र कर्म घरबीच किञ्चित फरक लागेन उस्तै दुरूस्तै । मेलापात घरव्यवहारको पीडालाई असामान्य बनाउन हरिकृष्णको प्यारले कहिल्यै दिएन । संसार रमाइलो अनि मात्र खुशी ।

दिनहरू क्रमश बित्दै गयो, दिन हप्ता महिना अनि वर्ष पनि । कहिलेकाहीं हरिकृष्ण र चिनिमाया दुवै सँगै चिनिमायाको जन्मघर पुग्थे सबैले डाह गर्न लाएक जोडी बनेर । माइती पुग्दा खुसुक्क आफ्ना सहेलीहरूसँग भेट्न पुग्थी चिनिमाया । सहेलीहरू जिस्काँउथे पेटतिर देखाँउदै, खोइ केही सुरसार नै छैन कि कसो ? चिनिमायाको मन अनायसै चिसो हुन्थ्यो मुख रातो पारेर निहुरिन्थी ।

यस्तैमा एक दिन माइती गाउँकी शिखासँग भेट भयो उसको काखमा एक महिनाकी छोरी थिइ । शिखाको विवाह चिनिमायाकोभन्दा छ महिना पछाडि भएको थियो । चिनिमाया अनायसै झस्किइ । मन अमिलो भयो । मनभित्र कता कता खहरेको भेल चल्यो आखिर शिखाभन्दा छ महिनाअगाडि बिहे भएर पनि उसको काख खाली छ किन ?

भोलिपल्ट चिनिमाया आफ्नो घर गइ । हरिकृष्णको मुहार सदा झै उज्यालो थिएन । सासू ससुराको अनुहार पनि उस्तै पट्यारलाग्दो थियो । उसले केही सोच्नै सकिन । उता सधैं पतर पतर गर्ने नन्द आज गुमसुम देखिइ । साँझ भो, खानपिनपश्चात सदा झैँ पति हरिकृष्णको गोडामा लगाउने तेल बोकेर पतिको ओछ्यानमा गइ र हलुका गरी तेल लगाइदिन थाली । बिस्तारै मुख खोले हरिकृष्णले, "बिहे गरेको दुई वर्ष वितिसक्दा पनि सन्तान नहुँदा परिवारमा निराशा छाएको छ । अँझै बाउआमाले त नातिको मुख हेर्न अर्को बिहे नगरी हुँदैन भनेका छन् ।"

चिनिमाया चिसो भइ । त्यो रात अनिदोमा नै कतिवेला बित्यो पत्तै भएन चिनिमायालाई ।

त्यसपछिका हरेक दिनहरू अनेक घोचपेच अनि रातहरू चिसा अनि अनिदा रहन थाले चिनिमायाका । त्यस घरमा घोर निराशा उत्पन्न गराउने एउटा प्राणीमा दर्ज भइ ऊ । अलच्छिनी, बाँझी, आदि इत्यादि के के हो के के नाम कमाई उसले । हिजोकी भाग्यमानी चिनिमाया आजकी अभागिनी भई । हिजोकी सुन्दर चिनिमाया आजकी कुरूप भई सबैले छि छि गर्न लायक भइ । हिजोसम्म उसलाई देख्दा साइत पर्थ्यो, आज बाँझी आइमाई भइ । बाँझी आइमाई देख्दा पूजा खान आएका देवता समेत भाग्ने भए । उही चिनिमाया हिजोकी चिनिमाया अनि आजकी चिनिमाया । उसले गाजल लगाउन छोडी कपाल बाट्न छोडी आखिर अभागिनी न परी अभागिनीलाई शृङ्गार पो किन चाहियो र ?

> "सामान्य भलाकुसारीपश्चात बाबु आमा नियास्रिएकाले आफू दिदीलाई लिन आएकी र माइती गएर दुई रात बसेर आउने निवेदन भो परिवारमा । काठमाडौं बसेर कलेज पढ्दै गरेकी चञ्चलाको निवेदन स्वीकृत भो दिदी बहिनी बाटो लागे ।"

धामी झाँक्री, सिङ्गो नरिवल, कालो बोको आदि इत्यादि त्यो घरको नियति बन्यो तर पनि चिनिमायाको रजस्वला रोकिएन । हरिकृष्ण जस्तो हट्टा कट्टा मर्दलाई बाबु बनाउन नसक्ने चिनिमायाको अब के आवश्यकता रह्यो र ? त्यसकै उपचार हुँदै छ आज चिनिमायाको घरमा केही बेरमा नै हरिकृष्णको परिवारलाई खुशी दिने पूरा सामर्थ्य बोकेर सावित्रीदेवी भित्रिइन् हरिकृष्णकी अर्की श्रीमती चिनिमायाको सौता बनेर ।

त्यसै रातबाट चिनिमायाको ओछ्यान फेरियो । त्यहाँ सावित्रीदेवीको आगमन भयो । अनि हैसियत फेरियो सावित्रीदेवी मालिक्नी अनि चिनिमाया दासी । चिनिमायाको ओछ्यान दलानमा सारियो जहाँ उनले कयौँ रातहरू चिसै अनिदै अनि एक्लै बिताउनुपर्थ्यो । एक्लोपनमा रमाउन अभ्यस्त बनिसकेकी चिनिमायालाई सावित्रीदेवीको रजस्वलाको चार रात अनि सावित्रीदेवीको माइती सवारीका रातहरू वाक्क लाग्दो अनि पट्यारलाग्दो लाग्थ्यो किनकि ती रातहरू एक्लोपनमा काट्न पाँउदैन थिइ चिनिमायाले । घरका मान्छे सुतिसकेपछि हरिकृष्ण त्यही दलानमा झुल्किन्थ्यो । एकै छिनका लागि जुन समय उसका लागि यति लामो बन्दथ्यो यति वाक्क लाग्थ्यो कि यस्तो लाग्थ्यो सावित्रीदेवी कहिल्यै घर छाडेर नहिँडोस अनि महिनाका चार रातहरूको कष्ट पनि कहिल्यै नलागोस ।

सावित्रीदेवी भित्रिएको पनि दिन हप्ता महिना हुँदै वर्ष वित्यो । तर हरिकृष्णलाई बाबु बन्ने उत्तम साइत निर्माण हुन सकेन । अब सावित्रीदेवी बिस्तारै चिनिमाया बन्न थाली उही पहिलेकै चिनिमाया नाम मात्र सावित्रीदेवी तर उही बाँझी चिनिमाया । सावित्रीदेवीलाई यो कुरा सह्य हुने नै थिएन किनकि ऊ चिनिमाया थिइन । सावित्रीदेवीको मनमा विस्मृतिका कुराहरू खेल्न थाले । तेस्रो पल्ट पर सरेर ११ दिनको दिन चोखेसी गोठालो जाँदा भर्खर जन्मेकी तल्लो घरकी सानिका बासँग लुकामारी खेल्दा खेल्दै सानिका बाले कसैलाई नभन है भन्दै खेलेको आँखाचिम्ली खेल, त्यो पछि दुई महिनासम्म पर नसरेसी आमाले गरेको केरकार, बालाई थहा नदिकन सानिमा र आमा भएर के के झार कुटेर नाइटोमा लाको, कति तितो झोल पिएर सुतेसी रातभरि पेट दुखेको, भोलिपल्ट कति धेरै खुन बगेको, आमाले गाली गरेर कसैलाई नभन्नु भनेको, अब आइन्दा यस्तो नगर्नु भनेको एक एक गरी सावित्रीदेवी को मनमा आइरह्यो ।

रातिदेखि पेट कटक्क खाइरहेको थियो, बिहानै चिनिमाया पर सरिन । चिनिमाया पर सर्नु र नसर्नुमा कोही कसैलाई मतलब हुन्नथ्यो तर सावित्रीदेवीको पर सराइले त्यो घरमा विशेष अर्थ राख्दथ्यो । खाना पकाउने बेला भएको थियो, सावित्रीदेवी पनि पर सरिन । यो थहा पाँउदा किन किन सावित्रीदेवीलाई असाध्यै हाँस्न मन लाग्यो एक्लै निकैबेर हाँसिन । यो घटनासँगै २,४ दिन घरमा एक अर्काबिच बोलचाल बन्द जस्तै भयो । पछिल्लो समय जब सावित्रीदेवी पर सर्थिन घर को वातावरण यस्तै हुन्थ्यो ।

पर सरेको १० दिन जति भएको थियो चिनिमायाको बहिनी चञ्चला आइपुगी । चञ्चला नाम जस्तै थिइ हेरिरहुँ जस्ती । भर्खर आइपुगेकी आफ्नी बहिनीलाई उसले एक टकले हेरिरही । विचरी भोलिकी सम्भावित चिनिमाया ।

सामान्य भलाकुसारीपश्चात बाबु आमा नियास्रिएकाले आफू दिदीलाई लिन आएकी र माइती गएर दुई रात बसेर आउने निवेदन भो परिवारमा । काठमाडौं बसेर कलेज पढ्दै गरेकी चञ्चलाको निवेदन स्वीकृत भो दिदी बहिनी बाटो लागे ।

बाटोमा दिदी बहिनी को असाध्यै भलाकुसारी भो । काठमाडौंमा कलेज सहपाठी असाध्यै मिलनसार साथी पनि आफूसँग गाउँ घुम्न आएको र चिनिमायासँग पनि भेट्न चाहेको रहस्य चञ्चलाले खोली । दिदी बहिनीको कुराकानीमा चञ्चला विभिन्न रहस्यका कुरा सुनाँउथी, दिदी चाहिं पाप धर्मका सवाल जोड्थी । उता पढेलेखेकी चञ्चला विभिन्न तार्किक निष्कर्ष दिएर दिदीको चित्त बुझाँउथी । लामो समयको अन्तरालमा भेट भएका दिदी बहिनी भलाकुसारी गर्दै हिड्दा बाटो कटेको पत्तै भएन । जब उनीहरू घर पुगे उसले चञ्चलाको साथीलाई देखी, अग्लो गोरो दोहोरो आङ्गको । केटाले उसलाई हेरेर खिसिक्क हाँस्यो । उत्तरमा ऊ पनि हाँसी अरू बोलचाल भएन ।

साँझ भो खानपिनपश्चात सामान्य भलाकुसारी पछि सुत्ने तरखर भो बाउ आमा धन्सारमा सुते चञ्चलाको दिदी बहिनी चोटामा सुते । चञ्चलाको साथी सागरलाई दलानमा व्यवस्था भो । सुत्ने तरखर गर्दै गर्दा चञ्चला दलानमा निस्की । फर्किंदा उसको साथमा सागर पनि थियो । तीनै जनासँगै बसेर गफ गर्न थाले । चिनिमाया अलिक खुल्दै गई सागरले चञ्चला र आफू एकदम राम्रो साथी भएको र चिनिमायाको बारेमा सबै कुरा थाहा पाएसी चञ्चलाको अनुरोध टार्न नसकेर आफू आएको रहस्य खोल्यो । चिनिमायाले पाप र धर्मका कुर निकाली । तर बहिनीका गम्भिर कुराको अगाडि उसको केही लागेन ।

"दिदी तपाई जीवनभर पीडा बोकेर बाँचेको म हेर्न सक्दिन र चाहन्न । त्यही हुनाले सागरलाई बल्ल बल्ल मनाएर लिएर आएको छु । अब जीवनभर पीडामा बस्नु ठिक कि एकैछिन आँखा चिम्लिएर जीवनका बाँकी समय खुशी हुने आफै विचार गर्नुस ।"

यति भनेर चञ्चला उठी त्यहाँ सागर र चिनिमाया मात्र बाँकिरहे । चञ्चलाले बत्ती निभाइदिइ, चोटाको ढोका बाहिरबाट लगाइदिइ र आफू दलानमा गएर पल्टी । चिनिमायाले आँखा चिम्म गरी आकाशमा बिजुली चम्कियो, एकैछिनमा मुसलधारे वर्षा भयो । लामो समयदेखि खडेरी परेको उर्वर जमिनमा वर्षाको पानीले भिज्दा मगमग वास्ना चल्यो । उर्वर जमिनमा पर्याप्त वर्षा पाएर अङ्कुराउन नसकेको विजले पुनर्जीवन पायो र तत्काले अङ्कुरण भयो जरा गाड्यो । वर्षौंदेखि अनिदो रहेकी चिनिमाया ढुक्कको निद्रा निदाइन । भालेको डाँकोसँगै बिउझिँदा आफ्नो छेउमा चञ्चला नै सुतिरहेकी थिइ । जिउ असाध्यै दुखिरहेको थियो तर अत्यन्त मिठो दुखाइ थियो त्यो । जिउ फुर्तिलो र चङ्गा भएको अनुभूति गरिन । दिनभर दिदी बहिनी गफ गर्दै बिताए । अर्को रात पुन चञ्चलाले आफ्नी अभागीनी दिदीको भाग्यलाई वर्षातको भेलमा हेलिदिइन । आज चिनिमाया आफैँ वर्षातको भेलमा हराइरहिन एक दुई तीन गर्दै धेरै पटक । भालेको डाँकसँगै अन्तिम पटक आफूलाई वर्षातको भेलमा डुवाँउदा आफू अत्यन्त पवित्र र भाग्यमानी भएको महशुस गरी । वर्षौंसम्म खडेरी सहेकी चिनिमायाले जीवनमा पहिलोपल्ट कल्पना नगरेको महासागरमा डुबुल्की लगाउन पाई ढुक्क भइ ।

दुई दिनको बिदा पूरा गरी घर फर्किंदा सासू ससुरा र हरिकृष्ण मात्र थिए । सावित्रीदेवी चिनिमाया माइत गएकै दिन आफू पनि माइत गइछिन् । नन्द साथीकोमा गएकी रे । सावित्रीदेवीको अनुपस्थितिमा त्यो रात सानो तिनो कष्ट बेहोर्नुपर्‍यो उसले । महासागरमा हेलिएर फर्केकी चिनिमायाको लागि त्यो सानो खहरेले के पो गर्थ्यो । त्यही दिन त हो अर्को दिन त सावित्रीदेवी आइहालिन् ।

केही महिनापछि गाउँमा गाइँगुइँ चल्न थाल्यो । हरिकृष्णका दुवै जहानहरू दोजिया भएका छन् । जेठीलाई पनि सौतेनी जोग रहेछ, सौतानी दोजिया भएसी त जेठी पनि दोजिया भइछिन् ।

सावित्रीदेवी र चिनिमाया आफ्नो आफ्नो माइती गएर आएको १० महिना पुगेको दिन हरिकृष्णको घरमा मान्छेको भीड बढ्यो । चिनिमायाले छोरा जन्माइन गोरो राम्रो काखभरिको । त्यसको १ मिनेट पनि बित्न नपाँउदै सावित्रीदेवीले छोरी जन्माइन साक्षात देवी जस्तै । हरिकृष्णको घरमा दुई ओटा खसी ढालियो मर्द भएकोमा पुरूषत्व प्रमाणित भएकोमा । चिनिमाया मुसुक्क हाँसिन् त्यो महासागरको लागि जसले उसको भाग्यलाई चोख्याइदिएको थियो । सावित्रीदेवी हाँसिन अनि भर्खर जन्मेका दाजु बहिनीले आफ्ना आफ्ना आमालाई हेर्दै मुख कुच्याए । हरिकृष्ण पुरूषार्थी बाबु बनेकोमा जोड जोडले हाँस्न थाल्यो । बाउआमा नाति नातिना पाएर हाँस्न थाले । सम्पूर्ण घर भरी पुरूषार्थी हाँसो गुञ्जियो ।

गद्य कविता

## अंग्रेजी नयाँ वर्ष २०२०



इम्बक्स

शुभकामनाले भरिभराउ थियो ।
फेसबुक र ट्विटरका भित्ताभरी
नयाँ वर्षका रंगीन पोस्टहरू !

पल्टाएर हेरे भित्तेपात्रो
आज वैशाख एक गते पक्कै थिएन
जनवरी एक तारिख पो रैछ !

निराशाका चैते खडेरीलाई
हराभरा बनाउन
आशाका कलिला मुना बोकी ल्याउने
बैशाखलाई भुलेर,
उजाड मनमा
वसन्तका पालुवाले
हरियाली पारिदिने
हाम्रो नयाँ वर्षलाई बिर्सेर
रित्तो पुस
रहर कठ्यांग्रिएर कक्रक्क पर्ने समय
सपना चिसिएर शून्य डिग्रीमा पुग्ने बखत
उत्साह जमेर बरफ झैं बन्ने बेला
हामी किन यति आतुर छौ ?
के कारण यति तातिएका छौ ?
कसरी यति रन्किएका छौ ?
नयाँ वर्षको शुभकामना बाँड्न,
पराइकी बेहुलीलाई आफ्नो घर भित्र्याउन !!

हाम्रा पूर्खा पहाड झै अचल थिए,
हामी किन यति चालु भएका छौ
अर्काको देखासिकी गर्न !
हाम्रो इतिहास सगरमाथा झै
अटल र स्वाभिमानी थियो
हामी किन यति पछौटे भएका छौ
अरूको नक्कल गरेर कृत्रिम बन्न !
तीज र तिहारमा
आफ्ना चेलिलाई एक कल फोन गर्ने समय नपुग्ने हामीलाई
भ्यालेन्टाइनको दिन आफ्नी प्रेमिकालाई भेट्न नपाएकोमा
ठूलो अपसोच हुन्छ, किन ?
वैशाख एककोभन्दा
जनवरी वानको महत्व किन बढाएका छौ हामीले ?

परदेश पसेर
दुई चार ओटा नौला कुरा जान्दैमा
आधुनिक डिजाइनका बस्त्र पहिरिँदैमा
वैज्ञानिक प्रविधिको उपयोग गरेका छौ भन्दैमा
उठबस र खानपान बदलिँदैमा
सामाजिक सञ्जालको दुरूपयोग गरी
विदेशी संस्कृतिलाई
बाहुल्यता दिन थालियो भने
साच्चै एक दिन,
हाम्रो राष्ट्रियता हराउनेछ
कला, संस्कृति र आफ्नोपन बिलिन हुनेछ
हामी
बहादुरका सन्तान परजीवी बन्नु पर्नेछ
आफ्नो पहिचान र अस्तित्व गुमाएर
नपुंशक बन्नु पर्नेछ
अनि शहीदको रगतले पोल्नेछ
हिमाल रूँदै बोल्नेछ
बचाऊ मलाई !
बचाऊ मलाई !!
बचाऊ मलाई !!!

# बक्स अफिस समाचार

## ‘कोपिला’को विशेष च्यारिटी शो हुँदै




**काठमाडौं/मस–** बलात्कारपछि हत्या गरिएकी कन्चनपुरकी १३ वर्षीय निर्मला पन्तको वास्तविक कथामा आधारित भएर निर्माण भएको फिल्म कोपिलाको विशेष च्यारिटी शो आयोजना हुँदैछ । मकवानपुर जागरण अभियान नेपालले चलचित्र ‘ कोपिला’ को विशेष च्यारिटी शो आयोजना गर्ने भएको हो ।

आगामी माघ १० गते हेटौंडाको एनएस सिनेमा हलमा आयोजना गरिने च्यारिटी शो विशेष कार्यक्रमका साथ आयोजना गरिन लागिएको मकवानपुर जागरण अभियान नेपालका अध्यक्ष कृष्णराज कोइरालाले बताए । शुक्रबार हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष कोइरालाले च्यारिटीमार्फत् उठेको रकमबाट दिवंगत निर्मला पन्तको परिवारलाई ५० हजार सहयोग गरिने बताए । च्यारिटी शोका दिन निर्मलाको परिवारलाई हेटौंडा बोलाएर रकम हस्तान्तरण गर्ने उनले बताए । यसअघि गत वर्ष ‘ पञ्चायत’ चलचित्रको च्यारिटी शो आयोजना गरेर सामाजिक कार्य गरिएको बताउँदै उनले यो वर्ष पनि उठेको रकमबाट निर्मला पन्तको परिवारसँगै अन्य सामाजिक क्षेत्रमा सहयोग गर्ने जानकारी दिए ।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमा चलचित्रका निर्माता मणिराज गौतमले निर्मला पन्तको बलात्कारपछि भएको हत्याको विषयमा चलचित्र ‘कोपिला’ बनेको जानकारी दिए । यो चलचित्रले सामाजिक कथा बोकेको भन्दै पन्तको परिवारसँग अनुमति लिएर चलचित्र बनाएको निर्माता गौतमको भनाइ थियो । निर्मलालाई ‘कोपिला’ पात्रमा राखिएको यो चलचित्रमा ‘ कोपिला’ को भूमिकामा सञ्जिवनी खरेलले अभिनय गरेकी छन् । चलचित्रमा सञ्जिवनीसँगै गणेश गिरी, सरिता गिरी, ऋद्धीचरण श्रेष्ठ, अस्मिन घिमिरे, अस्मिता जुरेली, प्रतिक्षा खड्का, सिया आचार्य, जुनिपर पौडेललगायतका कलाकारहरूको अभिनय छ । गणेश गिरीको प्रस्तुती रहेको चलचित्रको कार्यकारी निर्मातामा सुवासराज काफ्ले, सम्पादक तथा एनिमिटर समिर मियाँ र छायाँकार रामेश्वर कार्की रहेका छन् ।

दिपक शर्माको संगीत रहेको चलचित्रलाई शिवम् अधिकारीले निर्देशन गरेका छन् । यसअघि ‘ पञ्चायत’ फिल्म निर्देशन गरेका उनले फिल्ममार्फत् बलात्कारको घटना रोक्न सकिने एउटा दृष्टिकोण पेश गरिएको बताए । चितवन आसपासमा फिल्मको छायांकन गरिएको हो । गणेश गिरीको प्रस्तुति रहेको फिल्मका निर्माता मणिराज गौतम हुन् । फिल्मलाई अर्को वर्ष प्रदर्शन गर्ने तयारीमा निर्माण टिम रहेको छ । यो फिल्ममा निर्मला पन्तको हत्यारा पत्ता नलाग्दा देखिएको राजनैतिक चलखेल र निर्मलाको परिवारमा परेको मनोवैज्ञानिक असर समावेश गरिएको निर्माता एवम् सञ्चारकर्मी मणिराज गौतमले बताए ।

## ‘ए जदौ माया जदौ’मा दर्जन बढी कलाकारको नृत्य



**काठमाडौं/मस–** चलचित्र ‘ हिजो आजका कुरा’को एक गीतको अहिले धमाधम छांयाकन भइरहेको छ । रामकृष्ण ढकाल र मेलिना राइको स्वर रहेको ‘ए जदौ माया जदौ’ गीतमा दर्जन बढी नेपाली फिल्मका चर्चित कलाकारहरुको नृत्य देख्न पाइने छ । उक्त गीतमा दिपक शर्माको संगीत र आनन्द अधिकारीको शब्द छ ।

केही दिनदेखि छायांकन भइहेको गीतको भिडियोमा कलाकार मदनकृष्ण श्रेष्ठ, हरिहर शर्मा, निर्देशक दीपाश्री निरौला, हाँस्य कलाकारद्वय जीतु नेपाल, केदार घिमिरे, नायिका नम्रता श्रेष्ठ, संगीतकार शम्भुजित बाँस्कोटा, अभिनेत्री गौरी मल्ल, निर्देशक दिनेश डीसीसँगै फिल्मका प्रमुख कलाकारहरु सन्तोष पन्त, रमा थपलिया, रीमा विश्वकर्मालगायत पनि देखिनेछन् ।

गीतमा रामजी लामिछानेको कोरियोग्राफी छ । विवाहमा सेलिब्रेटीहरु उपस्थित हुँदाको माहोललाई गीतमा उतारिएको छ । साकार पन्त निर्देशित यो फिल्म कुनै न कुनै तरिकाले विदेशसँग सरोकार राखेका वा राख्न इच्छुक काठमाडौंका चार परिवारको पारिवारिक समस्या, संघर्ष र आतुरतासँगै विदेश जाने सपना पूरा गर्न केही न केही गुमाउनु पर्ने विषयवस्तुमा आधारित छ ।

निर्देशक साकारले यही फिल्मबाट निर्देशनमा डेब्यू गर्न लागेका हुन् । उनी कलाकार सन्तोष पन्तका छोरा समेत हुन् । सन्तोष पन्त र साकार पन्तको कथालाई सन्दीप किस्नाले पटकथामा ढालेका छन् । फिल्मलाई रवि सायमी खिचिरेहका छन् भने गीतमा हर्कुलस बस्नेतको संगीत भरेका छन् । फिल्ममा केकी अधिकारी, ऋचा शर्मा, जेबिका कार्कीको पनि प्रमुख भूमिका छ । पन्त निर्देशित फिल्मको यो गीतबाट निर्माण टिमले निकै आश बोकेको छ ।

## ‘पर्खि बसें २’ निर्माण हुने



**काठमाडौं/मस–** गोपीकृष्ण मुभिजले ‘पर्खि बसें २’ निर्माण गर्ने भएको छ । हिमालयन मुभी स्टुडियोसँगको सहकार्यमा गोपीकृष्ण मुभिजको ब्यानरमा ‘पर्खि बसें’को सिक्वेल ‘पर्खि बसें २’ निर्माण हुन लागेको हो । गोपीकृष्णका निकिता पौडेल र हिमालयन मुभी स्टुडियोको बिनोद सापकोटाबीच बिहिबार सहमति भएको छ ।

यो फिल्ममा निकिता र बिनोद निर्माता रहनेछन् भने प्रदीप दाहाल र तिर्थ प्रसाद पौडेल सह निर्माताको रुपमा रहनेछन् । फिल्मलाई सौभर चौधरीले निर्देशन गर्नेछन् । निर्देशक चौधरी निर्देशित फिल्म ‘लभ डायरिज’ आउँदो फागुन २ गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । ‘पर्खि बसें’ को कथा उनी आफैंले लेखेका छन् । पहिलो सिरिजझैँ दोस्रोमा पनि सांगीतिक प्रेमकथा देखाइने उनले बताएका छन् । अभिनेताद्वय राजबल्लभ कोइराला र निखिल उप्रेतीसँगै अभिनेत्री युना उप्रेतीको प्रमुख भूमिका रहेको ‘पर्खि बसें’ लाई दीपक श्रेष्ठले निर्देशन गरेका थिए ।

‘पर्खि बसे २’ प्रदर्शन गर्ने अधिकार करण श्रेष्ठ अर्थात् रिच इन्टरटेनमेन्टले पाएको छ । फिल्मको कास्ट एण्ड क्रियू एक औपचारिक कार्यक्रमको आयोजना गर्दै सार्वजनिक गर्ने तयारीमा टिम रहेको छ । यसको रिलिज २०७७ सालमा हुनेछ । ‘पर्खि बसें’ रिलिज भएको १३ वर्षपछि यसको सिक्वेल दर्शकमाझ आउन लागेको हो । फिल्ममा पुराना कलाकार दोहोरिने सम्भावना भने न्यून देखिएको छ ।


**5 STAR HOTEL JOBS IN QATAR**

JW MARRIOTT MARQUIS CITY CENTER DOHA

१. कम्पनी : JW MARRIOTT MARQUIS CITY CENTER DOHA... शहर : QATAR

पूर्व स्वीकृत मितिः २०७६/०९/२५ चलानी नं.: ६०१४९९३५ LT. No.: 231000

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 4 | 5 | सम्बन्धित कामदा दक्ष | 1500 | ४६,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ground Steward | 4 | 3 | | 1200 | ३७,४५० | | | | | | | |
| 3. | Labourer | 4 | 0 | | 1200 | ३७,४५० | | | | | | | |
| 4. | Gen.clean.worker | 5 | 0 | | 1237 | ३८,६०५ | | | | | | | |

MARRIOTT MARQUIS CITY CENTER DOHA

२. कम्पनी : MARRIOTT MARQUIS CITY CENTER DOHA शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७६/०९/२५ चलानी नं.: ६०१४९९३४ LT. No.: 230984

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 2 | सम्बन्धित कामदा दक्ष | 1500 | ४६,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 6 | 0 | | 1200 | ३७,४५० | | | | | | | |
| 3. | Cooker | 4 | 0 | | 1500 | ४६,८१५ | | | | | | | |
| 4. | Gen. Clean. Worker | 4 | 0 | | 1237 | ३८,६०५ | | | | | | | |

Note:
1. Candidates should have good knowledge of english language.
2. Candidates should have work experience in their related fields.
3. Fresh BHM Graduated are also can apply.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ५ र ६ गते (19 & 20 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SES SHADA EMPLOYMENT SERVICES Gov. Lic. No.: 1387/074/075
**Shada Employment Services Pvt. Ltd.**
Battisputali-09, Opposite To Dwarika Hotel, Nepal, Tel : 01-4465453
Fax: 446561, Email: contact@seajob.com/sesjobs4@gmail.com



**मलेसियामा रोजगारको अवसर** | कम्पनीः HAPPY INDUSTRIES शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/०९/२५ चलानी नं.: ६०१४९९१३ LT. No.: 230957

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 3 | 0 | स. काममा दक्ष | 1100 | ३०,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**टोपाज इण्टरनेशनल प्रा. लि.** श्रम इजाजत नं. ५४७/०६२/०६३
कमलपोखरी, काठमाडौं, नेपाल, फोनः ४४१२६५०



**मलेसियामा रोजगारको अवसर** | १. कम्पनीः EURO DOME SDN BHD शहरः JALAN

पूर्व स्वीकृत मितिः २०७६/०९/२३ चलानी नं.: ६०१४९७९५ LT. No.: 230724

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 27 | 0 | स. काममा दक्ष | 1100 | ३०,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः KEDAI KOPI & MAKANAN CHEONG HENG शहरः JOHOR

पूर्व स्वीकृत मितिः २०७६/०९/२३ चलानी नं.: ६०१४९७९६ LT. No.: 230361

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 6 | 0 | स. काममा दक्ष | 1100 | ३०,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Need Employment Services (P.) Ltd.** Ultimate Solution
Lic No.: 284/058/59
P.O.Box: 20478, Dhapasi-8, Kathmandu Nepal
Tel.: 4384251, 4384248
Email: needemploymentservices@gmail.com, Web: www.ultimatesolutionnepal.com



**कतारमा वैदेशिक रोजगारको अवसर** | कम्पनीः AL HADAD GROUP शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७६/०९/२५ चलानी नं.: ६०१४९८९० LT. No.: 230309

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker Male | 2 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 2 | 0 | | 900 | २८,०९० | | | | | | | |
| 3. | Building Worker | 1 | 0 | | 900 | २८,०९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**J J Human Resource Pvt. Ltd.** श्रम इजाजत नं.: १०४०/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu, Tel : 4486825, 4486826
Mob.: 9851228946, 9801070419, 9851053767
Fax : 4486826, E-mail : jjhumanresource1040@gmail.com
info@ jjhumanresource.com, Web : jjhumanresource.com



**साउदीमा रोजगार** | कम्पनीः ABDULLAH A. AL-BARRAK & SONS CO. शहर : JUBAIL, SAUDI ARABIA

पूर्व स्वीकृत मितिः २०७५/०९/२५ चलानी नं.: ६०१४९९११ LT. No.: 230910

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 30 | 0 | स. काममा दक्ष | 1000 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Yusho Global Pvt. Ltd.**
(साविक नाम AL ARABIA MANPOWER PVT. LTD.)
इजाजत पत्र नं. ११८२/०७३/०७४ G.P.O BOX- 13104, Gaushala-09, Kathmandu, Tel : 014488104, 014489104,9823441188, 9851134104



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ANIRASS GAYA SECURITY SERVICES SDN. BHD., KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७६/०९/२४ चलानी नं.: ६०१४९८४६ LT. No.: 229290

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1100 | ३०,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ६ र ७ गते (20 & 21 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**न्यू सृष्टि ओभरसिज प्रा. लि.** Govt. Lic No.: 1036/073/074
नयाँ बानेश्वर, काठमाडौं ,नेपाल, फोनः ४१०५१२५, फ्याक्सः ४४८८०८५
Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com



**कतारमा रोजगार** | कम्पनी : FAN MECHANICAL ENGINEERING W.L.L. शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७६/०९/१६ चलानी नं.: ६०१४९४२५ L.T. No.: 230240

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 5 | 0 | | 900 | २८,०९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ५ गते (19 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**GURKHA EMPLOYMENT PVT. LTD.** श्रम इजाजत नं. १४३/०५६/०५७
Tokha- 14, Samakhushi, Kathmandu, Nepal, Tel: 4383267
Mob.: 9841039034, Email: info@gurkhaemployment.com

# भ्रमण वर्षका पहिलो कतारी पाहुना

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, २५ पुस





कतारमा प्रवुद्ध नागरिकको पहिचान बनाएका अब्दुल्लाह युसुफ रहमान अल फखु नेपाल भ्रमण वर्ष २०२० सफल पार्न एक महिना लामो भ्रमण योजना सहित काठमाण्डौं आएका छन् । नेपाल भ्रमण वर्ष २०२० शुरु भएपछि भिजिट भिसामा नेपाल आउने फखु पहिलो कतारी नागरिक हुन् । नेपाल भ्रमणमा आउनु अघि कतारस्थित नेपाली दूतावासमा एक विशेष कार्यक्रमको आयोजना गरी उनको भावपूर्ण विदाई गरिएको थियो ।

लामो समय कुटनैतिक क्षेत्रमा काम गरेर ख्याति कमाएका फखु कतारका लागि युएन मिशन प्रमुख, बेल्जियम र युएइका लागि कतारी राजदूतको जिम्मेवारी कुशलतापुर्वक निभाएका कुटनितिज्ञ समेत हुन् । उमेरले ७४ वर्षमा रहेका उनी हिडडुल गर्न सक्दैनन् । ह्वील चियरको सहारामा हिँडडुल गर्ने ७४ वर्षीय फखु ढाका टोपीमा हुवहु नेपाली लाग्दछन्, वर्षौं अघि बसाई सरेर कतार गएका नेपाली जस्तै । स्वभावले नम्र र मिजासिला ।

७४ वर्ष लामो जीवनयात्रामा यसअघि उनी तीन पटक नेपाल आइसकेका छन् । उनी प्राकृतिक सुन्दरता र परिश्रमी नेपाली नागरिकको आत्मीय व्यवहारले आफु मोहित भएको बताउँछन् । रगत र पसिना सिञ्चिएर कतारको आर्थिक समृद्धिमा नेपाली युवाहरुले गरेको योगदानका कारण पनि हुनसक्छ, उनी नेपाल र नेपाली प्रति उत्तिकै संवेदनशील देखिन्छन् ।

नेपाल भ्रमण वर्षका अवसरमा नेपाल आउन उनलाई कतार एयरवेजले प्लाटुनियम सुविधा सहित आकर्षक व्यवस्था मिलाएको थियो । तर नेपाल र नेपाली प्रति विशेष अनुराग राख्ने फखु कतार एयरवेजले उपलब्ध गराएको सुविधा भन्दा नेपाल भ्रमण वर्ष २०२० सफल बनाउन नेपाली राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सको विमानबाट नेपाल आए ।

गत जनवरी ७ तारिखमा भ्रमण वर्ष २०२० को शुभारम्भ कार्यक्रममा कतारस्थित नेपाली राजदूतावासले एक विशेष कार्यक्रमकाबीच फखुलाई भिजिट भिसा प्रदान गरेको थियो । कतारका लागि नेपाली राजदूत डा. नारदनाथ भारद्वाजले भिसा प्रदान गर्दाको क्षण भावुक थियो । कुटनितिज्ञ फखुको नेपाल बसाई करिब १ महिनाको हुने छ ।

जसअनुसार उनी १० दिन गण्डक प्रदेश अन्तर्गत पोखरा र विभिन्न स्थान, ५ दिन काठमाडौ उपत्यका, २ दिन चितवन र गोरखा लगायत अन्य पर्यटकीयस्थलहरुको भ्रमण तथा अवलोकन गर्नेछन् । कतारको तर्फबाट नेपाल भ्रमणवर्ष २०२० सफल बनाउन आफुले सक्दो सहयोग गर्ने उनको भनाइ छ । भ्रमणका अवसरमा कुटनितिज्ञ फखु आफैले पनि सामाजिक क्षेत्रमा सहयोग गर्ने योजना बनाएका छन् ।

कतारको राष्ट्रिय मानव अधिकार समिति कतारका नेपाल डेस्क प्रमुख प्रोफेसर रमजान अलि मियाँले कुटनितिज्ञ फखुलाई नेपाल भ्रमणको चाँजो पाँजो मिलाएका हुन् । आफुले हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा विदाई गर्दा महामहिम फखुको आँखा रसाएको प्रो. मियाँले बताए । कुटनितिज्ञ फखुको नेपाल भ्रमणले कुटनितिक तहमा रहेको नेपाल र कतारको बलियो सम्वन्ध नागरिक स्तरमा थप विस्तार हुने अपेक्षा गरिएको छ । कतारको दोहा र काठमाडौंबीच सिधा र निरन्तर हवाई उडान रहेको र प्रतिदिन कम्तिमा ६ वटा उडान भइरहेको हालको अवस्थामा कतारका अन्य नागरिकहरुले पनि नेपाल पर्यटन वर्ष २०२० को अवसरमा नेपाल भ्रमण गरेर अविस्मरणीय अनुभव हासिल गर्ने अपेक्षा गरिएको प्रोफेसर मियाँले बताए । मियाँले नै फखुलाई नेपाली ढाका टोपी लगाएर कतार विमानस्थलबाट विदाई गरेका थिए । भ्रमण वर्ष अवधिभर अर्थात् सन् २०२० भित्र अरु ९९कतारी नागरिकलाई नेपाल भ्रमण गराउने लक्ष्य पनि राखेका छन्, प्रो. मियाँले ।

# भारतले पाम तेलमा प्रतिबन्ध लगाउँदा
# नेपाललाई ८ अर्बको घाटा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ पुस



भारतले नेपाली उद्योगीका लागि पाम तेलको निर्यात खुला नगरे नेपालका व्यापारीलाई ८ अर्बको घाटा हुने भएको छ । नेपालका १५ उद्योगको ८ अर्ब बराबरको कच्चा पदार्थ नस्ट सम्भावना बढेको छ ।

मोरङ व्यापार संघका अध्यक्ष प्रकाश मुन्दडाले भने, 'एउटा उद्योगले कम्तीमा ३ महिनाका लागि कच्चा पदार्थको मौज्दात राख्नै पर्छ । कन्ट्रयाक्ट गरिएको, एलसी खोलिएको, बाटामा रहेको र कारखानामा मौज्दात रहेको गरी ४ ठाउँमा हाम्रो कच्चा पदार्थ हुन्छ । चारै ठाउँमा गरी एउटा उद्योगको ४० देखि ६० करोड रुपैयाँ बराबरको कच्चा पदार्थ रहेको हुन्छ । निर्यात खुला भएन भने मेरै उद्योगको मात्रै ४५ करोड रुपैयाँ बराबरको कच्चा पदार्थ अलपत्र पर्ने छ ।' क्वालिटी आयल रिफाइनरी प्रालिका सञ्चालक विपिन काबराले आफूले भर्खरै ३ हजार टन कच्चा पदार्थका लागि २० करोडको एलसी खोलेको जानकारी दिदै भने, ' यति नै कच्चा पदार्थ कारखानामा पनि छ, यति नै बाटामा पनि छ । कन्ट्रयाक्ट गरिएको तर एलसी खोलेर सिपमेन्ट नभएको कच्चा पदार्थ पनि छ । निर्यातकर्ताले कन्ट्रयाक्ट रद्द गर्न मान्दैन । उसलाई रकम तिर्नुपर्छ अन्यथा उसले अन्तर ष्ट्रिय अदालतमा मुद्दा दायर गर्छ । अन्तर्राष्ट्रिय अदालतले जरिवाना र क्षतिपूर्ति तिरायो भने टाट पल्टने अवस्था हुन्छ ।'

पशुपति खाद्यतेलका सञ्चालक नन्दकिशोर राठी नेपालका उद्योगका लागि भारतले निर्यात खोलिदिने कुरामा आशावादी रहेको बताएका छन् । 'भारतले मस्ट फेभर्ड नेसनका आधारमा यहाँका उद्योगले निर्यात गर्न पाउने छुट दिन सक्छ तर यसका लागि सुझबुझपूर्ण कूटनीतिक पहल चाहिन्छ ।' राठीले भने, 'भारतमा वार्षिक ८० लाख देखि १ करोड टन खाने तेलको अभाव छ । यसमा ५० प्रतिशत हिस्सा पाम तेलको छ । भारतले अब त्यहाँका आयातकर्तालाई कोटा वितरण गर्ने सम्भावना छ । कोटाबाट आयात गर्दा नेपालबाट यति ल्याउने भनेर भारतले भन्न सक्छ । तर यसका लागि नेपाल सरकारले पनि पहल गर्नुपर्छ ।'

चालु आर्थिक वर्षको ५ महिनामा विराटनगर नाकाबाट साढे ४ अर्ब र वीरगञ्ज नाकाबाट साढे ६ अर्ब बराबरको पाम तेल भारत निर्यात भएको तथ्याङ्क छ । यस हिसाबले वर्षभरिमा साढे २६ अर्ब बराबरको पाम तेल निकासी हुनसक्ने देखिन्छ । तर, निकासी रोकिएपछि व्यापारीहरु पीडित बनेका छन् ।

# नेपाल बैंकद्वारा २३ वर्षपछि लाभांश

**काठमाडौं/मस–** नेपाल बैंकका शेयरधनीहरुले २३ वर्ष पछि लाभांश पाएका छन् । नेपाल बैंकको शुक्रबार बसेको ६० औं वार्षिक साधारण सभाले सञ्चालक समितिले प्रस्ताव गरेको १५ प्रतिशत बोनस शेयर र १० प्रतिशत नगद लाभांश दिने प्रस्ताव अनुमोदन गरेपछि लगानीकर्ताले २३ वर्ष पछि लाभांश पाएका हुन् । बोनस शेयर पारित भएसँगै नेपाल बैंकको चुक्ता पूँजी ११ अर्ब २८ करोड २८ लाख २० हजार २ सय रुपैयाँ पुगेको छ । साधारण सभामा शेयरधनीहरुले बैंकको खराब कर्जा अझै बढी रहेको बताउँदै त्यसलाई घटाउनु ध्यान दिन सुझाव दिएका थिए । बैंकका अध्यक्ष वासुदेव अधिकारीले शेयरधनीहरुको प्रश्नको जवाफ दिँदै खराब कर्जा घटाउन प्रयत्न गरिरहेको जानकारी दिए । उनले राष्ट्र बैंकले स्प्रेड रेट र बेस रेट घटाउन निर्देशन दिएकाले खुद ब्याज आम्दानी घटेको समेत बताए ।

अध्यक्ष अधिकारीले नगद लाभांश वितरण साधारण सभा सकिएको दुई घण्टापछि शुरु हुने र बोनस शेयर छिट्टै नै नेप्सेमा सुचीकरण गराई सम्बन्धित शेयरधनीलाई वितरण गरिने जानकारी दिए ।

# मेलम्ची खानेपानी प्रशोधन केन्द्र निर्माण सम्पन्न

**काठमाडौं/मस–** मेलम्चीको पानी प्रशोधन गरेपछि मात्रै पाइपमार्फत घर-घरमा वितरण गर्न सुन्दरीजलमा निर्माण भएका दुवै खानेपानी प्रशोधन केन्द्रको निर्माण सम्पन्न भएको छ । मेलम्ची खानेपानी आयोजनाअन्तर्गत दैनिक १७ करोड लिटर पानी प्रशोधन गर्नेगरी केन्द्रको निर्माण भएको हो । केन्द्रको निर्माण सम्पन्न भएकाले अब परीक्षण गरिने मेलम्ची खानेपानी विकास समितिले जनाएको छ ।



यहाँ रहेका प्रशोधन केन्द्र दुवैको क्षमता साढे आठ करोड लिटर रहेको छ । तीमध्ये एउटाको निर्माण जापानी अन्तरराष्ट्रिय सहयोग नियोग(जाइका) र अर्को एशियाली विकास बैंक(एडिबी) को आर्थिक सहयोगमा निर्माण भएको समितिका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले बताए । उनका अनुसार जाइकाको सहयोगमा निर्माण भएको ट्याङ्की केही समय पहिले नै सम्पन्न भएको थियो भने एडिबीको सहयोगमा निर्माण भएको केन्द्र गत महिना मात्रै सम्पन्न भएको छ । मेलम्ची खानेपानी आयोजनाको निर्माणस्थलमा काम भइरहँदा पनि आयोजनाले भने पाइपसँगै प्रशोधन केन्द्रको परीक्षण गरिरहेको छ । उनले भने, 'वाग्मतीकै पानीबाट नै परीक्षण गरिनेछ ।'

आयोजनाले सुरुङ निर्माण, 'हेडवर्क' मा एकएक र प्रशोधन केन्द्र निर्माणमा दुई गरेर चार ठेक्कामार्फत काम अघि बढाएको थियो । सुरुङ निर्माण र हेडवर्क निर्माणको काम अहिले चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रोले गरिरहेको छ । आगामी असारसम्ममा सबै काम सकिएर काठमाडौं उपत्यकावासीले मेलम्चीको पानी खाने खानेपानी तथा सरसफाइ मन्त्रालयले बताउँदै आएको छ । प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले पनि केही समय पहिले समयमै काम सम्पन्न गर्न मन्त्रालयलाई निर्देशन दिएको थियो ।

# खुल्यो नेपालकै पहिलो अलैंची प्रशोधन उद्योग

**झापा/मस–** नेपालकै पहिलो अलैंची प्रशोधन उद्योग झापा जिल्लाको विर्तामोडमा खुलेको छ । उद्योगले अलैंचीको मसला, माउथ फ्रेसनर (मुख गन्हाउने समस्या हटाउने) लगायतका वस्तु उत्पादन गर्ने योजना बनाएको उद्योगका अध्यक्ष निर्मल भट्टराईले सञ्चारकर्मीहरुलाई जानकारी दिएका छन् । 'अलैंची स्वदेशी बजारमा खपत कम छ ।' उनले भने, 'उद्योगले स्वदेशी तथा विदेशी दुवै बजारको मागअनुसारका सामान उत्पादन गर्छ ।'




भट्टराईका अनुसार अहिले अलैंची ठूल्ठूला प्याकेट बनाएर व्यापारीलाई बेच्ने गरिएको छ । तर प्रशोधन गरेर बजारमा लैजान भने पहिलो पटक उद्योग खुलेको हो । उद्योगले अलैंचीका १ सय, २ सय, ५ सय ग्राम र १ केजीको साना प्याकेटसमेत बनाउने छ। यसरी साना साना प्याकेट बनाएर बजारमा जाँदा अलैंची सबैले सजिलै किन्न सक्छन् । माघ अन्तिम सातातिर उक्त उद्योग उदघाटनमा ल्याउने तयारी छ । उनले भने, 'मेशिन सबै फिट गरिसक्यौं, अहिले ट्रायलको रूपमा काम भइरहको छ ।'

५ करोड लागत भएको उक्त उद्योगमा ३ जनाको लगानी रहेको छ । पछिल्लो समय अलैंचीको निर्यात पनि बढ्दै गएको छ । भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्ष २०७६र०७७ को साउनदेखि मङ्सिरसम्ममा २३ लाख १६ हजार ८ सय ८७ किलो अलैंची निर्यात भएको छ । सो अलैंची निर्यातबाट १ अर्ब ८६ करोड रूपैयाँ भित्रिएको छ ।

# सुनको मुल्यमा सामान्य गिरावट

**काठमाडौं/मस–** पछिल्लो समय लगातार उकालो लाग्दै आएको सुनको मुल्य पुनः ओरालो लाग्न थालेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार शुक्रबार सुनको मुल्य प्रतितोला ९०० रुपैयाँले घटेको छ । बुधबारको तुलनामा बिहीबार पनि प्रतितोला एक हजार रुपैयाँले सुनको मुल्य घटेको थियो ।

शुक्रबार छापावाला सुनको मुल्य प्रतितोला ७४ हजार ६०० रुपैयाँ र तेजाबी सुनको मुल्य प्रतितोला ७४ हजार ३०० रुपैयाँ पुगेको छ । बिहीबार छापावाला सुनको मुल्य प्रतितोला ७५ हजार ५०० रुपैयाँ र तेजाबी सुनको मुल्य प्रतितोला ७५ हजार २०० रुपैयाँ पुगेको थियो ।



यस्तै चाँदीको मुल्य पनि सामान्य घटेको छ । बिहीबारको तुलनामा १५ रुपैयाँले घटेर चाँदीको मुल्य प्रतितोला ८८५ रुपैयाँ पुगेको छ ।

नेपालको इतिहासमा बुधबार सुनको मुल्य अहिलेसम्मकै उच्च विन्दुमा पुगेको थियो । महासङ्घले बुधबार छापावाल सुनको मुल्य प्रतितोला ७६ हजार ५०० रुपैयाँ र तेजावी सुनको मुल्य प्रतितोला ७६ हजार २०० रुपैयाँ निर्धारण गरेको थियो ।

सामान्य उतारचढावका बीच कारोवार भइरहेको सुनको मुल्य अमेरिका र इरानका बीचमा तनाव देखिन थालेपछि एकाएक उच्च वृद्धि भएको थियो । अहिले अन्तर्राष्ट्रिय बजारमा पनि सुनको मुल्य वृद्धि भएको छ । आज अन्तर्राष्ट्रिय बजारमा सुनको मुल्य प्रतिऔंस एक हजार ५४९.९५ र चाँदीको मुल्य प्रतिऔंस १७.९२ अमेरिकी डलरमा झरेको छ ।

विश्व बजारमा सोमबार सुनको मुल्य प्रतिऔंस एक हजार ५७३.५० अमेरिकी डलर पुगेको थियो । अन्तर्राष्ट्रिय बजारमा सुनको मुल्यमा सामान्य गिरावट देखिएकाले स्वभाविकरुपमा त्यसको प्रभाव नेपाली बजारमा परेको महासङ्घले जनाएको छ ।

# ऋणपत्रमा लगानीको आकर्षण

**काठमाडौं/रासस–** सरकारले बैंक तथा वित्तीय संस्थालाई दीर्घकालीन ऋणपत्रको बिक्री गर्न प्रोत्साहन गर्ने नीति लिएपछि त्यसको सार्थक परिणाम देखिएको छ । चालू आर्थिक वर्षमा मात्रै पाँच बैंकले दीर्घकालीन ऋणपत्र बिक्री गरिसकेका छन् ।

नेपाल धितोपत्र बोर्डमा आवेदन दिएका बैंक तथा वित्तीय संस्थाको सङ्ख्या मात्रै सात रहेका छन् । न्यूनतम १० दशमलव २५ प्रतिशतदेखि १२ प्रतिशतसम्म ब्याज पाइने भएकाले दीर्घकालीन ऋणपत्रमा लगानीकर्ताको आकर्षण पनि बढिरहेको छ । नेपाल राष्ट्र बैंकले आव २०७५/७६ को वार्षिक मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थालाई दीर्घकालीन ऋणपत्र जारी गरी वित्तीय साधन परिचालन गर्न प्रोतसाहन गर्ने नीति लिएको थियो । बैंकले त्यसरी सङ्कलित साधनलाई कर्जा/कूल वित्तीय स्रोत अनुपात गणना गर्दा समावेश गर्ने व्यवस्था मिलाउने उल्लेख गरेको थियो ।

चालू आवको मौद्रिक नीतिमा समेत सोही व्यवस्थालाई निरन्तर कायम राखिएको छ । आव २०७५/७६ मा मात्रै १४ वाणिज्य बैंकले रु ४३ अर्ब ९८ करोड बराबरको ऋणपत्र बिक्रीका लागि स्वीकृति लिएका थिए । ऋणपत्रमा हुने फाइदा र आकर्षणका कारण लगानीकर्ताले समेत बैंक तथा वित्तीय संस्थाको ऋणपत्रमा बढी चासो राखेका छन् ।

नेपाल धितोपत्र बोर्डका अनुसार चालू आवको मङ्सिर मसान्तसम्म मात्रै पाँच बैंकले ऋणपत्र बिक्रीका लागि स्वीकृति लिएका छन् । त्यसमा सिद्धार्थ बैंकको सातवर्षे १०.२५ प्रतिशत एसबिएल डिबेञ्चर २०८३ ले गत साउन १४ गते स्वीकृति पाएको थियो । सो बैंकले रु एक हजार मूल्य बराबरका २५ लाख कित्ता ऋणपत्र बिक्री गर्ने अनुमति लिएको थियो । बैंकले कूल रु दुई अर्ब ५० करोड बराबरका ऋणपत्र बिक्री गरेको हो ।

यस्तै लक्ष्मी बैंकले १० वर्षे अवधिका लागि लक्ष्मी बैंक डिबेञ्चर २०८६ बिक्रीका लागि गत भदौ १७ गते अनुमति लिएको थियो । बैंकले प्रतिकित्ता रु एक हजार बराबरका कूल २० लाख कित्ता ऋणपत्र बिक्री गर्ने अनुमति लिएको थियो । बैंकले रु दुई अर्ब बराबरका ऋणपत्र बिक्रीका लागि अनुमति लिएको हो ।

त्यस्तै प्रभु बैंकले १० वर्षे अवधिका लागि नै रु एक अर्ब बराबरका १० लाख कित्ता, सनराइज बैंकले प्रतिकित्ता रु एक हजार बराबरका कूल रु तीन अर्ब र कुमारी बैंकका रु ३० लाख कित्ता रु तीन अर्बका बिक्रीका लागि अनुमति लिएको हो । अनमुति लिएकामध्ये केहीले ऋणपत्र बिक्री गरिसकेका छन् भने केही प्रक्रियामै रहेका छन् ।

# कार बिक्रीमा भारी गिरावट



**नयाँ दिल्ली/एजेन्सी–** भारतमा प्यासेन्जर कारको बिक्री २ दशकयताकै उच्च बिन्दूमा गिरावट आएको भारतीय सञ्चार माध्यमहरुले जनाएको छ । सन् २०१९ मा भारतीय बजारमा २९ लाख ६२ हजार ५२ वटा बिक्री भएको तथ्यांक सार्वजनिक भएको छ । यो २०१८ को तुलनामा १२.७५ प्रतिशतले गिरावट आएको सोसाइटी अफ इन्डियन अटोमोबाइल म्यानुफ्याक्चरर्स (एसआइएम)ले जनाएको छ ।

यसैगरी, कमर्सियल सवारीको बिक्री पनि १५ प्रतिशतले गिरावट आएको छ । एसआइएएमका अनुसार २०१९ मा ८ लाख ५४ हजार ७ सय ५९ वटा कमर्सियल सवारी बिक्री भएको हो । भारतमा सवारीसाधनको बिक्री गिरावट आउनुको मुख्य कारण आर्थिक वृद्धिमा देखिएको सुस्तता, सवार ीसाधनको उत्पादन लागतमा भएको वृद्धिका कारण बढेको मूल्यलाई मानिएको छ । दुई पांग्रे सवारीको बिक्री पनि २०१८ को तुलनामा २०१९ मा १४.१९ प्रतिशतले घटेर १ करोड ८५ लाख ६८ हजार २ सय ८० वटामा सीमित भएको तथ्यांक सार्वजनिक भएको छ ।

यसैगरी, स्कुटरको बिक्री १६.०३ प्रतिशतले घटेको हो । २०१९ मा भारतीय बजारमा ५८ लाख ४१ हजार २ सय ५९ वटा स्कुटर बिक्री भएको थियो । मोटरसाइकलको बिक्री भने १२.९२ प्रतिशतले घटेर १ करोड २० लाख १२ हजार ८ सय ९६ वटा बिक्री भएको थियो । भारतको समग्र अटोमोबाइल बजार २०१८ को तुलनामा २०१९ मा १३.७७ प्रतिशतले घटेको एसआइएएमले उल्लेख गरेको छ । गत वर्ष भारतमा सबै वर्गका सवारीको बिक्री २ करोड ३० लाख ७३ हजार ४ सय ३८ वटा बिक्री भएको थियो ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९८२
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**